का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ चैत २०८०,
आइतबार
17 March 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ३३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# माधव नेपालको मन

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ३ चैत ।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल देश बनाउने भोक रहेको बताउँछन् । त्यो कहिले कसरी भन्नेमा भने उनी प्रष्ट छैनन् । नेकपा एमाले फुटाएर एकीकृत समाजवादी बनाएका माधव नेपालसँग प्रतिनिधिसभामा १० सिट छ । उनको दलले भने थ्रेस होल्ड कटाउन नसकेकाले राष्ट्रिय दलको मान्यता पाएन ।

तर हङ पार्लियमेन्टको लाभ उठाउँदै माधव नेपालले एक वर्षे प्रधानमन्त्रीको सपना देखेका थिए । नेपाली कांग्रेस-माओवादी केन्द्र सहितको सत्ता समीकरणमा उनलाई एक वर्ष सत्ताको नेतृत्व गर्न दिने भनिएको थियो । तर त्यो समीकरण नै जोगिएन ।

अहिले एमाले-माओवादीको नयाँ समीकरण बनेको छ । उनी यो गठबन्धनबाटै यही प्रतिनिधिसभाको कार्यकालमै एकपटक सरकारको नेतृत्व गर्न चाहन्छन् ।

यस्तो भाव अध्यक्ष नेपालले पार्टीको रौतहट-काठमाडौं सम्पर्क मञ्चले शनिबार आयोजना गरेको कार्यक्रममा समेत व्यक्त गरे । जसरी पनि प्रधानमन्त्री बन्न खोजेको भए अर्को गठबन्धन तयार रहेको भन्दै उनले नयाँ गठबन्धन रोज्नुको कारण नेता/कार्यकर्तालाई बुझाउन खोजे ।

'(नयाँ गठबन्धन) झण्डै झण्डै दुर्घटना भइसकेको थियो । हामीलाई समयमा सूचना नमिलेको हुनाले अर्कै गठबन्धन बन्छ भन्ने कुरा आइसकेको थियो । हामीले पदलाई महत्व दिएनौं । जसरी पनि प्रधानमन्त्री हुनुपर्छ भन्ने कुरा होइन । यो देशमा विकास निर्माणको काम अघि बढ्नुपर्छ, सुशासन कायम हुनुपर्छ' उनले भनेका छन् ।


अर्थात्, कांग्रेसले बनाउने वैकल्पिक गठबन्धनमा सबै साना दलहरु मिल्नुपर्ने र त्यस्तो धेरै दल सहभागी भएको गठबन्धनबाट प्रधानमन्त्री बन्दा काम गर्न नसकिने संकेत अध्यक्ष नेपालको थियो । साथै, एमाले र माओवादी बाहेकको सरकार संघमा जसोतसो बनेतापनि प्रदेश सरकारहरुका सन्दर्भमा कुनै आकार नआउने स्थिति छ । पृष्ठ २ मा


सत्ता समीकरण बदल्ने संघर्षमा नेकपा एकीकृत समाजवादी निर्णायक शक्ति बन्न पुगेको छ । त्यसैले सत्ता र विपक्षीको तानातानमा परेका एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको मन भने दोधारमा देखिन्छ ।

उपभोक्ता अधिकारको रक्षा गरौं ।
- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने, गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ ।
- उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड




# अन्ततः फुट्यो नेसपा





डा. भट्टराईसँग छुट्टिएर नेसपाका अर्का अध्यक्ष महिन्द्र राय यादव पक्षले नेकपा माओवादी केन्द्रसँग पार्टी एकता गर्ने सहमति गरेको छ । योसँगै माओवादीसँग एकता प्रक्रियामा डा. बाबुराम भट्टराई छुटेका छन् ।

छवि सापकोटा/मध्यान्ह
काठमाडौं, ३ चैत ।

पार्टी स्थापनाको दुई वर्षमै नेपाल समाजवादी पार्टी (नेसपा) फुटेको छ । जनता समाजवादी पार्टी जसपाका अध्यक्ष उपेन्द्र यादवसँग विवाद भएपछि उक्त पार्टीबाट छुट्टिएर डा. बाबुराम भट्टराईले २०७९ असार नेपाल समाजवादी पार्टी गठन गरेका थिए ।

२०७६ वैशाखमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम र भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीबीच एकता भएर समाजवादी पार्टी बनेको थियो । पछि राष्ट्रिय जनता पार्टी मिलेर जसपा बनेको थियो । पृष्ठ २ मा

## राष्ट्रिय सभामा भागवण्डा
# कांग्रेससहित चार दललाई समिति सभापति



शिव विक/मध्यान्ह
काठमाडौं, ३ चैत ।

३ चैत, काठमाडौं । राष्ट्रिय सभाको विषयगत समितिमा नेपाली कांग्रेस सहित मुख्य चार दलबीच भागवण्डा भएको छ ।

राष्ट्रिय सभामा चार वटा विषयगत समिति छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले एक/एक वटा समितिको सभापति लिनेगरी भागवण्डा भएको हो ।

प्रत्यायोजित व्यस्थापन तथा सरकारी आश्वासन समिति सभापतिमा माओवादी केन्द्रका मायाप्रसाद शर्मा र विधायन व्यस्थापन समिति सभापतिमा एकीकृत समाजवादीका जयन्तीदेवी राइ सभापति छन् । उनीहरुको कार्यकाल बाँकी रहेकाले निरन्तरता दिइएको छ ।

दीगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थ र राष्ट्रिय सरोकार तथा समन्वय समितिकी सभापति दिलकुमारी रावल थापा कार्यकाल सकिएर बिदा भएका छन् ।

कार्यकाल सकिएर सभापति बिदा भएपछि सम्बन्धित समितिको नेतृत्वको लागि आइतबार निर्वाचन हुँदैछ । तर जुन दलको दर्फबाट यसअघि सभापति थिए त्यही दलले पाउने गरी चार दलका बीचमा सहमति भएको छ । सहमति अनुसार आइतबार हुने चुनावका लागि एक/एक जनाको मात्रै उम्मेदवारी परेको छ ।

निवर्तमान सभापति प्रकाश पन्थ नेपाली कांग्रेसका थिए । उनको ठाउँमा हुन लागेको चुनावमा कांग्रेस सांसद कमला पन्तको एकल उम्मेदवारी परेको छ । समितिको नाम भनेर नियमावली बनाउँदा नै फेरेर विकास, आर्थिक मामिला तथा सुशासन समिति राखिएको छ ।

एमाले सांसद शेर्पाको उम्मेदवारी प्रस्तावकमा माओवादी केन्द्रका सांसद गोपी बहादुर आछामी छन् । समर्थकमा कांग्रेस सांसद दुर्गा गुरुङ र एमाले सांसद इन्दिरादेवि गौतम छन् ।

यस्तै, निवर्तमान सभापति दिलकुमारी रावल थापा एमालेकी हुन् । उनी बिदा भएपछि उनको ठाउँमा हुन लागेको चुनावमा सोनाम गेल्जेन शेर्पाको उम्मेदवारी परेको छ । यो समितिको पनि नाम फेरेर विकास, आर्थिक मामिला तथा सुशासन समिति राखिएको छ ।

कांग्रेस सांसद पन्तको प्रस्तावकमा कांग्रेस सांसद नारायणदत्त भट्ट छन् । समर्थकमा एमाले सांसद शारदादेवी भट्ट छिन् ।

गत ११ माघका एक तिहाइ सांसद निर्वाचित भएर आएका छन् । उनीहरुले २१ फागुनमा सपथ लिएका थिए । चुनाव भएपछि संसदीय विषयगत समितिको निर्वाचन हुने गरेको छ । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## 'आरबिए' मै एजेण्ट गिरोह
# खेताला परीक्षार्थी राखेर असुली

मध्यान्ह संवाददाता
काठमाडौं, ३ चैत ।

मलेसियाको बहुराष्ट्रिय कम्पनीमा आर बी ए अन्तरगत फ्रि भिसा फ्रि टिकटमा क्षमता नभएकाहरूलाई पास गराउन एजेन्टहरूले छनोटको प्रारम्भिक चरणबाट नै खेताला लगाउने गरेको खुलेको छ । कामदार भर्ना तथा छनोटका लागि आएका रोजगारदाता कम्पनीका विदेशी प्रतिनिधिलाई प्रभावित पारेर आफुले रकम असुली गर्ने योजना बनाएको कामदार छनोट गराउन नसकेपछि एजेन्टहरूले खेताला परीक्षार्थी लगाउन थालेका हुन् ।

मलेसियाबाट आउने शून्य लागतको डिमाण्ड सार्वजनिक भएपछि एजेन्टहरूले चलाख अनुहार, कद र जिउडाल मिल्ने व्यक्ति खोजेर अन्तरवार्तामा सहभागी गराइ छनोट गराउने गरिएको समाचार श्रोतले बताएको छ । पहाडबाट भन्दा तराईका जिल्लाबाट मलेसिया जान खोज्ने युवालाई छनोट गराइदिएर उड्ने बेलामा विमानस्थलमा एजेन्टका गिरोहले तीन लाख रूपैयाँसम्म असुलेको श्रोतको भनाइ छ । खेतालालाई परीक्षार्थीको धन्दामा कति जना संलग्न छन् भन्ने आधिकारिक रूपमा बताउन नसकेपनि समूहले गिरोह नै परिचालन गरेर मलेसियामा शुन्य लागतमा कामदार पठाउने व्यवसायीहरूको भनाइ छ ।

यसअघि कोरियाको ईपीएस प्रणालीको भाषा परीक्षा र लोकसेवाको परीक्षामा पनि व्यापक रूपमा खेताला परीक्षार्थी देखिने गरेका थिए । कोरियाका लागि खेताला परीक्षार्थीले एक लाख र लोकसेवाका लागि सात लाखसम्म रेट कायम गरिएको बताइएको छ । दक्षिण कोरिया जाने भाषा परीक्षामा खेताला देखिएपछि छनोटदेखि रोजगार प्रक्रियाका सबै चरण बायोमेट्रिक लागू गरिएको छ । हाल मलेसियाको पृष्ठ २ मा

## इम्पावर ह्युमन नयाँ स्वरूपमा

**काठमाडौं/मस**-इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रालि नयाँ स्वरुपमा आएको छ । सिनामंगलस्थित पञ्च कुमारीस्थित इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रालिले युएईमा रहेको हन्टर एचलाई समावेश गरी इम्पावर हन्टर एचआर शोलुशन प्रालि नयाँ नाममा परिवर्तन भइ सिनामंगलमै रहेको होप अस्पतालको उत्तरपट्टी नयाँ भवनमा सरेको छ । कम्पनीका सञ्चालक युवा व्यबसायी केदानाथ पृष्ठ २ मा



# भूमिहीनका समस्या समाधान हुन्छः मन्त्री अधिकारी

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ३ चैत

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले सबै जनताले बास पाउनुपर्ने बताएका छन्।

उनले सुकुम्बासी, दलित भूमिहीन, अव्यवस्थितको समस्याको हलमा केन्द्रित भएको बताएका छन्। जिल्लाको उद्योग वाणिज्य संघ कृष्णनगरले आयोजना गरेको स्वागत तथा अभिनन्दन कार्यक्रममा मन्त्री अधिकारीले यस्तो बताएका हुन्।

जिल्ला र राष्ट्रको समस्या समाधान गर्ने कामको रणनीति बनाएर उत्थान गरिने उनले बताए।

सुखी नेपाली, समृद्ध नेपालको बनाउने सवालमा पूँजी र क्षमताको आधारमा सबैलाई प्राप्त हुने गरी काममा ध्यान केन्द्रित भएको उनले बताए।




भूमिहीन जटिल समस्या भएको बताउँदै त्यस समस्याको हल गर्ने कुरामा मन्त्रालय र सरकार लाग्ने मन्त्री अधिकारीको भनाइ छ।

उद्योग वाणिज्य संघ कृष्णनगरका अध्यक्ष राम कुमार गुप्ताले कृष्णनगर भन्सार नाका लुम्बिनी प्रदेशको मुख्य नाका भएकोले सुक्ख बन्दरगाहको लागि पहल गर्नु ध्यानाकर्षण गरेका छन्।

उनले कृष्णनगर मूख्य व्यापारिक केन्द्र भएको बताउँदै बजारीकरण गर्नुपर्ने बताए। उनले सुकुम्बासी, दलित भूमीहीन, अव्यवस्थितलाई लालपुर्जा उपलब्ध गराई बासको व्यवस्थामा ध्यान दिनुपर्नेमा जोड दिए। यस्तै कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य सुशील श्रीवास्तव, वडा अध्यक्ष कृष्ण कुमार गुप्ताले कृष्णनगर मुख्य व्यापारिक केन्द्र र औद्योगिक क्षेत्र भएकोले केन्द्र सरकारबाट पहल गरि कृष्णनगरको विकासमा जोड दिन आग्रह गरेका थिए।

घनश्याम अग्रहरी, विक्रम अग्रहरी, सत्य नारायण अग्रहरी, दिपक कसौधन, रेनु शर्मा, नारायण कनोडिया, नुर मोहम्द, वृजेश कुमार गुप्ता, राहुल मोदनवाल लगायत धेरैको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन प्रहलाद पाण्डेय रहेका थिए।

# भूमिकास्थान नगरपालिकाको वार्षिक समीक्षा गोष्ठी सम्पन्न

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ चैत

भूमिकास्थान नगरपालिका अर्घाखाँचीको आर्थिक वर्ष २०८०/२०८१ मा सञ्चालित योजना तथा कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न भएको छ।

वार्षिक समीक्षा गोष्ठीमा नगर स्थित विषयगत शाखाका प्रमुखहरु तथा १० वटै वडा सचिवहरूले वार्षिक रूपमा सञ्चालन भएका योजना आयोजना, कार्यक्रम तथा भौतिक र आर्थिक प्रगति प्रस्तुत गर्दै समग्र नगरपालिकाको विकासबारे वडा तहको संरचनाबारे जानकारी गराएका थिए।




नगरपालिकाको भौतिक प्रगति ६५ प्रतिशत र आर्थिक प्रगति ४० प्रतिशत भएको योजना शाखाका प्रमुख हरिशचन्द भुसालले जानकारी दिए। यस्तै उनले नगरपालिकामा आन्तरिक श्रोतको अवस्था कमजोर भएकाले लक्ष्य अनुसारको राजस्व समेत प्राप्त नभएको गोष्ठीमा जानकारी गराए।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख झबिलाल थापाले जनताले प्रत्यक्ष अनुभूति गर्ने र सबैले जनताले देख्ने गरी विकास निर्माणका कामलाई अगाडि बढाउन सबैले सहयोग गर्नुपर्ने बताए। नगरको दिगो विकास र समृद्धिका लागि कृषि र पर्यटनलाई केन्द्र भागमा राखेर काम गर्ने भन्दै प्रमुख थापाले सबै सरोकारवाला पक्ष एक भएर लाग्नुपर्ने बताए।

नगर उपप्रमुख बालकृष्ण बन्जाडेले जनताको माग र आवश्यकताको आधारमा विकास निर्माणको कामलाई अगाडि बढाउनुपर्ने भन्दै सबै पक्ष तथा जनताको सहभागिताबाटै सबै काम अगाडि बढाउने बताए। समीक्षा कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै प्रमुख प्रशासकीय अधिकृत खिमानन्द आचार्यले सबै सरोकारवालाहरूले सहयोग गरेमात्र नगरपालिकाले विकासलाई तीव्रता दिनसक्ने बताउँदै अहिले जनतामा काम गर्ने इच्छाशक्ति बढेर गएकोले भूमिकास्थान नगरपालिकामा कामले तीव्रता लिएको आफुले महसुस गरेको बताए।

समीक्षा कार्यक्रममा नगरपालिकाका वडा नम्बर १ देखि १० सम्मका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरपालिकाका सबै विषयगत शाखाका प्रमुखहरु, नेपाली कांग्रेसका नेता मुकुन्द खनाल, नेकपा माओवादी केन्द्रका नेता नरेन्द्र मान मुखिया, राप्रपाका नेता भोजराज दमासे, एकीकृत समाजवादीका झबिलाल भट्टराई, राष्ट्रिय जनमोर्चाकाका चेतनारायण गैरे, पत्रकार महासघका सहसचिव रिदय कुमार भुसाल, पत्रकार गोपाल भट्टराई, बिष्णु खनाल लगायत स्थानीय सरोकारवालाहरुको सहभागीता रहेको थियो।

नगरप्रमुख झबिलाल थापाको अध्यक्षतामा भएको कार्यक्रममा हरिशचन्द भुसालले स्वागत मन्तव्य र शेषकान्त घिमिरे ओशनले कार्यक्रम सञ्चालन गरेका थिए।

# आगलागीमा परी तीन बालबालिकाको मृत्यु

**काठमाडौं/मस-**भोजपुरको हतुवागडी गाउँपालिका-७ मा भएको आगलागीमा परी एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय भोजपुरका सूचना अधिकारी दलकुमार राईले आगलागीमा परी एक बालिका, दुई बालकको मृत्यु भएको जानकारी दिए।

रंगेलीमा आगलागी हुँदा १९ घर जले रंगेली-३ बाबुसाहेव टोलको सन्थाल बस्तीमा आगलागी हुँदा १९ घर जलेको इलाका प्रहरी प्रहरी कार्यालय रंगेलीलीले जनाएको छ। शनिबार दिउँसो २:३० बजेतिरबाट आगलागी शुरु भएको थियो। बाक्लो बस्ती रहेकाले आगलागीका कारण धेरै घरमा क्षति पुगेको प्रहरी प्रमुख प्रहरी निरीक्षक बुद्धि चौलागााईंले जानकारी दिए।

उन्नाइस घरधुरीका २५ परिवार आगलागीबाट विस्थापित भएको रङ्गेली नगरपालिका उपप्रमुख गोमा पराजुलीले बताइन्।

विस्थापित परिवारलाई स्थानीय सरकारले राहत उपलब्ध गराउन थालिसकेको उपप्रमुख पराजुलीले बताइन्।

**"आरबिए"...**

(आरबीए) खडा गरि इम्लाइमेन्ट पे मोडलको सरकारी नीति अनुसार कामदार पठाउन प्रतिबद्ध देखिएका छन्। उनीहरूको सक्रियताका कारणले पछिल्ला केही वर्षमा नेपालबाट फ्रि भिसा फ्रि टिकटमा जाने कामदारको संख्यामा उल्लेख वृद्धि भएको छ। तर छद्म रूपमा खेताला परिचालन गर्ने संगठित एजेन्टहरूलाई श्रमिकहरूले गोप्य रूपमा ठूलो रकम बुझाउनु परेको घटनाले मलेसिया वा अन्य मुलुकबाट आउने फ्रि भिसा फ्रि टिकटमा कामदार छनोट गरि पठाउने काम पेचिलो र अविश्वसनीय बन्न सक्ने चिन्ता बढेको छ। रोजगारदाताले गर्ने छड्के परीक्षण वा तेस्रो पक्ष अडिटमा एकै जना कामदारबाट छनोटको चरणमा रकम उठाएको देखिएमा म्यानपावर कम्पनीको पुरै भुक्तानी रोकिने हुँदा एजेन्टहरूले चलाएको खेताला धन्दा नियन्त्रण नभए शून्य लागतको रोजगारी नै धरापमा परककने धेरैको चिन्ता छ।

**इम्पावर...**

अधिकारीले युएईमा रहेको हन्टर एचआर कम्पनीलाई समावेश गरेर इम्पावर हन्टर एच.आर.शोलुशन प्रालि बनाएको मध्यान्हलाई बताए।

शनिबार एक संक्षिप्त कार्यक्रम गरी पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री एवं नेकपा माओवादी केन्द्र पोलिटव्यूरो सदस्य तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका इन्चार्ज रामेश्वर राय यादवले इम्पावरको नयाँ कार्यालयको उद्घाटन गरे। उद्घाटन कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, सचिव राजेन्द्र अधिकारी, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च कार्यवाहक अध्यक्ष परमेश्वर अधिकारी, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशनका पूर्वअध्यक्ष नरेन्द्र प्रसाद ढकाल, उपाध्यक्ष विनोदजंग केसी, मञ्चका सल्लाहकार ओम न्यौपाने, संघका पूर्व तृतीय उपाध्यक्ष मुक्तिनाथ अधिकारी, मध्यान्ह दैनिकको प्रकाशक सीतादेवी श्रेष्ठ, स्थानीय समाजसेवीहरु लगायत व्यवसायीको उपस्थिति रहेको थियो।

**माधव...**

यस्तो अवस्थामा मुलुकको नेतृत्व लिनका लागि लिए जस्तो मात्रै हुने भएकाले नयाँ गठबन्धनमा सामेल भएको अध्यक्ष नेपालको भाव छ।

यसका लागि उनले परिवर्तनकारी शक्ति मिलेर अघि बढ्नुपर्छ भन्ने पक्षमा रहेको भनी ब्याख्या गरेका हुन्। साथै, माधव नेपालले कांग्रेससँगको दुरी समेत बढाउन चाहेका छैनन्। कांग्रेसलाई प्रधान सत्रु भनेर अगाडि जान नमिल्ने र कांग्रेस लोकतान्त्रिक परिवर्तशील पार्टी रहेको उनको ब्याख्या छ।

नयाँ गठबन्धनबाटै आफूले मुलुकको नेतृत्व गर्ने अवस्था आउने पनि अध्यक्ष नेपालको भाव छ। एकीकृत समाजवादीका नेताहरुका अनुसार माधव नेपाल प्रधानमन्त्री बन्ने विषयमा एमाले र माओवादीसँग लिखित सहमति नै खोजिएको छ। यसको ग्यारेण्टी नभए जुनसुकै बेला सरकार छोड्न सक्ने उनीहरुको चेतावनी छ।

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र माधव नेपालसँग जिज्ञासा राखेका थिए। 'उहाँहरु दुवै सँगै भएको बेला मैले सोधेको थिएँ। प्रधानमन्त्रीले 'यसमा हाम्रो सल्लाह छ' एकीकृत समाजवादीका उपाध्यक्ष पाण्डेले केही दिन अअघि नयाँ वानेश्वरस्थित संसद भवन परिसरमा पत्रकारहरसँग भनेका थिए। प्रधानमन्त्री प्रचण्डले प्रतिबद्धता पूरा नगरे पार्टी सरकारबाट बाहिरिने उनको चेतावनी छ। आफूहरुको माग सबै निर्वाचन क्षेत्रमा समानुपातिक रुपमा बजेट हुनुपर्ने पनि रहेको पनि उनको भनाइ छ।

'मैले प्रष्ट भनेको छु- तपाईंले बोलेको कुराहरु पूरा गर्नुभएन भने असारको ३१ गते बिदा हुनुहुन्छ। १६५ वटा निर्वाचन क्षेत्रलाई विचार गर्नुभएन भने बजेटमा भोट हालिँदैन, त्यहाँभन्दा बढ्ता के भन्नु ?' उनले भनेका छन्।

**अन्ततः...**

जसपा फुटेर लोसपा बन्दा यादवसँगै रहेका बाबुरामले पछि छुट्टिएर नेसपा बनाएका हुन्।

नेसपाले गत आम चुनावमा माओवादी केन्द्रसँग संयुक्त रुपमा चुनाव लडेको थियो। चुनाव पछाडि नेसपा सरकारमा गयो। तर माओवादी केन्द्रसँग एकता गर्ने विषयलाई लिएर नेसपाभित्र विवाद देखा पर्‍यो। उक्त विवाद समाधानका लागि अनेकन पर्यास गर्दा पनि डा.बाबुराम सफल हुन सकेनन्।

डा. भट्टराईसँग छुट्टिएर नेसपाका अर्को अध्यक्ष महिन्द्र राय यादव पक्षले माओवादी केन्द्रसँग पार्टी एकता गर्ने सहमति गरेको छ। यो सँगै माओवादीसँगको एकता प्रक्रियामा डा. बाबुराम छुटेका छन्।

माओवादी केन्द्र र नेसपाबीच पार्टी एकता हुने गरी शनिवार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा डा. बाबुराम उपस्थित थिएनन्। उक्त बैठकमा नेसपाका एक अध्यक्ष महिन्द्र राय यादव, सहअध्यक्ष गंगा नारायण श्रेष्ठ र महासचिव रमेशप्रसाद यायद थिए।

यादव नेसपाका संघीय सांसद र श्रेष्ठ बाग्मती प्रदेश सांसद हुन्। दुवै माओवादी केन्द्रको चुनाव चिह्नबाट निर्वाचित भएका थिए। चुनावपछि माओवादी केन्द्र र नेसपाबीच एकता गर्ने भनिएको थियो। एकताबाट पछि डा.बाबुराम पछि हटेपछि अर्का अध्यक्षको नेतृत्वमा एकता हुन लागेको हो।

शुक्रबार मात्रै नेसपाका राजनीतिक समिति सदस्य विश्वदीप पाण्डेले सामाजिक सञ्जालमा स्टाटस लेखेर आफूहरू डा. भट्टराईकै नेतृत्वमा नेसपालाई वैकल्पिक राजनीतिक यात्रामा लैजाने विचारमा रहेको बताएका थिए। उनले लेखेका छन्, 'विचारमा अलिक कष्ट खेपौं केही समय भन्ने नै छ। यसमा कष्टकर बाटो हिँड्न रुची नहुने साथीहरु अलग हुनुहुन्छ। यो सामान्य कुरा हो।'

**राष्ट्रिय...**

यसपटक दुई वटा समितिका सभापतिको कार्यकाल सकिएकाले दुइ वटाको मात्रै चुनाव गर्न लागिएको हो।

राष्ट्रिय सभामा एमले संसदीय दलका नेता देवेन्द्र दाहालका अनसार दुई वटा समिति सभापतिमा रहेकाहरुलाई नै निरन्तरता दिएर बाँकी दुइ वटामा चुनाव गर्न लागिएको हो। मुख्य राजनीतिक शक्तिहरुका बीचमा यसअगाडि समेत हुँदै आएको अभ्यास अनुसार समिति सभापतिमा उम्मेदवारी परेको उनले बताए।

दुइ वटा समिति सभापतिमा निर्वाचित भएको औपचारिक घोषणा भने आइतबार हुनेछ।

**"आरबिए"...**

शून्य लागतको रोजगारीमा कामदार छनोट प्रक्रियामा पनि कोरियाको जस्तै बायोमेट्रिक गराउनु आवश्यक भएको कतिपयले बताएका छन्। वैदेशिक रोजगारीमा जानेका लागि 'फ्रि भिसा र फ्रि टिकट'को सरकारी नीति अव्यवहारिक रहेको र श्रमिकको हितमा कार्यान्वयन नभएको सार्वजनिक टिप्पणी हुने गरेको छ। तैपनि मलेसियाका रोजगारदाताले योग्य तथा दक्ष कामदारको सबै खर्च आफैँले उपलब्ध गराउन थालेपछि मलेसियामा कामदार पठाउने डेढ दर्जन बढी म्यानपावर कम्पनी रेस्पोन्सिवल विजनेश एलायन्स

## यूएईमा रोजगार।

कम्पनी: AAM BUILDING CLEANING SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/०२ | चलानी नं.: ६०२१६६५९ | LT. No.: 301752

| सि. नं. | कामदारको पद | माग संख्या: पुरूष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 8 | 0 | स. काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ११ गते (24 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Al Sasha Overseas Pvt. Ltd. Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

## Baglung Municipality
## Office of the Municipal Executive
**Baglung, Gandaki Province, Nepal**

## Financial Bid Opening Notice

**First Publication Date: 2080/12/04 (March -17, 2024)**

Pursuant to ITB 25.7 and Public Procurement Regulation- 2064,rule no-31Ng,sub-rule no-5, it is notified to all concerned that, financial bids of the works mentioned below will be opened publically in presence of bidder's representative who choose to attend. Bidder's presence in opening process will be appreciated.

**DETAILS OF FINANCIAL BID OPENING**

| S. N. | Description of Work and RFB No. | Substantially Responsive Bidder in Technical Evaluation |
|---|---|---|
| 1. | Upgradation of Mulpani School Hararchaur Kalimati Titaura Road,Majhibasti Niraheghat Road and Odarchaur Dhodeni Phorse Road: Nepal Loan No. / Credit No.: IDA-6778-NP RFB No: NP-DUDBC-400277-CW-RFB Issued on: 28 December 2023. | 1) M/s Swachchhanda/Bandan Bhagwati Jv, Baneshwor, Kathmandu Nepal. 2) M/s Sharma and Co Pvt.Ltd, R.K complex, Sitapaila, Kathmandu, Nepal. 3) M/s Ashish/Fewa Jv, Pokhara-05, Nepal |

Financial Bid Opening Schedule
Venue: Baglung Municipality, Baglung
Date:- 2080/12/13 ( March-26,2024)
Time:- 11:00AM

**Chief Administrative Office**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः १९९७ /०६/२५ गते
स्वर्गारोहण मितिः २०८० फागुन २२ गते

**स्व. कृष्णबहादुर मगर**

हाम्रा शुभेच्छुक सुन्दर नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक पितमबहादुर मगरको पुजनीय पिता **कृष्णबहादुर मगरको** असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सीतादेवी श्रेष्ठ, प्रकाशक
मदनकुमार श्रेष्ठ, सम्पादक
तथा मध्यान्ह दैनिक परिवार

## माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**इभाङ, इलाम**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशन मिति : २०८०/१२/०४)**

यस कार्यालयबाट मिति : २०८०/११/०१ गते सौर्य दैनिकमा प्रकाशित सूचना अनुसारको कार्य गर्नको लागि बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र रीतपूर्वक पेश भएका बोलपत्रहरुमध्ये तपशील बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| ठेक्का संकेत नं | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| MRM/NCB/Revenue /06/2080/081-4 | Ratuwa Kholako Nadijanya Samagri (Padartha) Sanka-lan tatha Bikri | J and J Nirman Sewa Pvt. Ltd. Damak-2 Jhapa | 36,45,267.0 |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘कांग्रेसभित्रको आन्तरिक गठबन्धन जरुरी’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ चैत

नेपाली कांग्रेसका लुम्बिनी प्रदेश उपसभापति राजु खनालले पार्टीभित्र एकता र आन्तरिक गठबन्धन हुन सकेमात्र संगठन मजबुँद हुने बताएका छन् ।

पार्टीभित्रै बढ्दो आरोप प्रत्यारोप र असहयोग गर्ने परिपाटीले कांग्रेसको संगठन राम्रो नहुने खनालको भनाइ छ । स्थानीय, प्रदेश र संघको निर्वाचनपछि मात्र पार्टीको अधिवेशन गर्नुपर्ने विधान कांग्रेसले ल्याउनुपर्ने उनले बताए ।

विपी स्मृति प्रतिष्ठान ढिकुराको भवन शिलान्यास कार्यक्रममा मन्तव्य राख्दै प्रदेश स्वास्थ्यमन्त्री समेत रहेका खनालले कांग्रेसले गरेका कामहरुको प्रचारप्रसार गर्न नसकेको बताउँदै कांग्रेस जनताको बीचमा गएर सिङ्गल चुनावमा प्रतिस्पर्धा गरी मुलुकको पहिलो पार्टी बन्ने जिकिर गरे ।

नेपाली कांग्रेस भूमिका स्थान नगरपालिका वडा नं. ९ का पार्टी सभापति तिर्थराज घिमिरेको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन पार्टी सचिव लक्ष्मण घिमिरेले गरेका थिए ।




कोषाध्यक्ष डालबिक्रम शाहले स्वागत मन्तव्य राखेको कार्यक्रममा कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री बिष्णु प्रसाद खनाल, मुस्कान नेपाली, कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठ, नेपाली कांग्रेस अर्घाखाँचीका पूर्व पार्टी सभापति कमल प्रसाद भुसाल लगायतले मन्तब्य राखेका थिए । संघीय सरकारको ५० लाख बजेटमा सहरी विकास भवन डिभिजन भैरहवाले निर्माणको टेन्डर निकालेर भवन बनाउन शुरु गरेको हो ।

## भूलसुधार

मध्यान्ह दैनिकको वर्ष २२, अंक ३२, मिति २०८० साल चैत ३ गते शनिबार तेस्रो पृष्ठमा प्रकाशित ‘सेती नदीमाथि झोलुङ्गे पुल निर्माण हुँदै’शीर्षकको समाचारमा बझाङ र संवाददाताको नाम शिवजी मण्डेल हुनुपर्नेमा भूलवस अन्यथा भएकाले सच्याइएको छ । यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्राार्थी छौं ।
-सं.

# राजदेवी नगरपालिकाको आफ्नै भवन बन्ने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ चैत्र

रौतहटको राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी प्रसाद यादवले पालिका भवन शिलान्यास गरेका छन् ।

पालिकाको आफ्नै प्रशासनिक कार्यालय भवन नरहेको साविक गा. वि. स कटरवनको वडा कार्यालयको भवनमा सञ्चालन रहेको प्रशासनिक भवनको शनिबार नगर प्रमुख यादवले शिलान्यास गरेका हुन् । वडा कार्यालयको भवनबाट सेवा दिइ रहेको तर सेवा प्रवाहमा कठिनाइ भोग्नु परिरहेको थियो । साथै विभिन्न



शाखाहरु भाडामा सञ्चालन गर्दा आर्थिक भार समेत पालिकालाई खेप्नु परिरहेको थियो । सेवा ग्राहीलाई समेत सेवा प्रदान गर्न कठिनाइ भइरहेको प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थले बताए ।

पालिकाले ९ कठा १० धुर जग्गा खरिद गरी करिब ११ करोड ९४ लाखको लागतमा ४ तल्ले भवन ठेक्कामार्फत निर्माणका लागि शनिबार विधिपूर्वक नगर प्रमुख यादवद्वारा शिलान्यास गरिएको हो । हाल रहेको प्रशासनिक भवन भन्दा २०० मिटर जति उत्तर पट्टि खरिद गरिएको जग्गामा निर्माण हुने भएको छ । २०८०/११/२१ गतेमा पालिकासँग गरेको सम्झौता गरि ठेक्का लिएका चौधरी कन्स्ट्रक्सन गौर ७ रौतहटका सञ्चालकका अनुसार सम्झौता अनुसार मिति २०८२/११/२० भित्रमा भवनको निर्माण काम सम्पन्न हुने बताएका छन् । शिलान्यास भए एक दुई दिनमै निर्माण काम शुरु हुने बताइएको छ । उक्त शिलान्यास कार्यक्रममा नगर प्रमुख भिखारी प्रसाद यादव, उप प्रमुख राजकुमारी साह, प्रमुख प्रशासकीय अधिकृत प्रलव कायस्थ, इन्जिनियर संजय पाण्डे, योजना प्रमुख पंकज मिश्रा, सूचना अधिकारी चन्द्रभुषण यादव, वडा नं.७ का वडा अध्यक्ष विजय शंकर प्र.यादव, वडा न - ८ का वडा अध्यक्ष राम इश्वर यादव, वडा नं ६ का वडा अध्यक्ष विश्वनाथ सहसहितका वडा अध्यक्ष,समाजसेवी पवन, नविन सिंह नगरपालिकाका कर्मचारी, समाजसेवी, बुद्धिजीवि, सुरक्षाकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# पत्रकार न्युरे सम्मानित

**कैलाली/मस**–कैलालीको धनगढीमा रहेको सौराइ स्क्वायरले ‘नारी सम्मान २०८०’बाट पत्रकार जमुना न्युरेसहित सात जनालाई सम्मान गरेको छ ।

सत्ति कर्णाली डटकमकी कार्यकारी सम्पादक समेत रहेकी न्युरेलाई मध्यवर्ती क्षेत्र घोडाघोडी नगरपालिकाको ग्रामीण नारायणपुरमा रहेर विगत १५ वर्षदेखि वन, वातावरण, जैविक विविधता, महिला, शिक्षा तथा स्वास्थ्यको क्षेत्रलाई आफ्नो पत्रकारिताको मुख्य क्षेत्र (विट) बनाएर समाजमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै सम्मान गरिएको हो ।

११४ औं अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा आयोजित



कार्यक्रममा स्क्वायरले पत्रकार न्युरेसहित स्वास्थ्य क्षेत्रकी जयकला रावल, अपाङ्गता भएर पनि सफल व्यवसायी शान्ति रोकाया, थारु कला संस्कृति संरक्षणकी समीक्षा चौधरी, मानव अधिकारकर्मी महेश्वरी भट्ट, शिक्षिका तुलसी शर्मा, समाजसेवी सारदा शाहलाई सम्मान गरेको छ । महिला तथा समाजमा योगदान पुऱ्याएका तर राज्यको दृष्टिकोणमा नपरेका महिलाहरुलाई सम्मान गरिएको स्क्वायरले जनाएको छ ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म: २०११ वैशाख १६ गते

स्वर्गारोहण: २०८० फागुन २२ गते

**स्व. मन्जित बोहरा**

यस क्लबका सदस्य आत्मिय मित्र म्युजिक भिडियो निर्देशक तथा कलाकार श्री रुद्र बोहराज्युका पुजनिय पिता **श्री मन्जित बोहरा**ज्यूको असामयिक तथा अप्रत्याशित रुपमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठ वासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि भगवानसंग प्रार्थना गर्दछौं ।

**अध्यक्ष**
**तथा**
**टिपटप-हेल्प नेपाल स्पोर्टस क्लब**
**परिवार**

QATAR मा रोजगार | कम्पनी : ANCILLA HOSPITALITY AND CLEANING SERVICES
शहर : DOHA

पुर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६६५८ LT. No.: 301670

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 2 | 2 | स. काममा दक्ष | 1000 | ३६,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ११ गते (24 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901

UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLAIRVOYANT TECHNICAL SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/११/०२ चलानी नं.: ६०२१६६६२ L.T. No.: 301800

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Exterior Cleaner | 3 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 24 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 3. | Cleaner/public Buildings | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 4. | Office Cleaner | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 5. | Ordinary Labourer | 13 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 6. | Plumber Assistant | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 7. | Wiring Electrician Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० चैत ११ गते (24 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**वीरेन्द्रनगर, सुर्खेत**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मिति: २०८०/१२/०४**
**IFB No.M04/080–81**

संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत अन्तर्गतका निम्न निर्माण कार्य गर्न विद्युतीय माध्यमबाट (e–Bidding) बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट https://www.bolpatra.gov.np/egp मा प्रकाशन भएको व्यहोरा सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।

| Contract No/ID | Description of Works | Estimated Amount (Without VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| FPIU/Surkhet/Work/ NCB/36/080-81 | Jare-Maintada-Lekhkidni Road Blacktop Works at Bheriganga Municipality Ward no. 3, 9, 5 | 85,10,487.07 | 2,50,000 | 3,000.00 |

**Project Chief**

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
**Federal Road Supervision and Monitoring Office, Surkhet**
**Road Division Surkhet**
**Subbakuna**

**INVITATION FOR BIDS**

**Notice No. 6-080/81**
**First Date of Publication: 2080/12/04 BS (17th March, 2024 AD)**

1.0 Road Division Surkhet (Subbakuna) Invites electronic bids from eligible bidders for the following works.

| S.N. | Contract Identification No | Description and Location of Works | Fee for Bid Documents (NRs) | Bid Security Amount (NRs) | Bid Validity Periods (Days) |
|---|---|---|---|---|---|
| 1 | RDSKT/30700101-4/080/81-22 | Roadway Construction of Access Road to Suryatara Cement Factory Site (Tikhakuna Khola – Manipur School – Sunakada Road), Panchapuri – 9, Chaukune – 9 , (Ch.0+000 – 5+300), Surkhet District | 5,000.00 | 18,00,000.00 | 90 |

2.0 Dead line for Bid Submission and Opening:

| *Submission of Bid* | | *Opening of Bid Revenue Heading No. 14229* | | *Revenue a/c No.:* | *1000100200010000* | *Office Code* | *337016801* |
|---|---|---|---|---|---|---|---|
| | | | | *Bank* | | *Rastriya Banijya Bank,* | |
| *Date* | *Time* | *Date* | *Time* | *Name Of Office* | *Financial Controller General Office* | | |
| 2081/01/04 (16th April, 2024 AD) | 12.00 | 2081/01/04 (16th April, 2024 AD) | 13.00 | Deposit A/C No. | 4080100102030000 | Office code | 337016801 |
| | | | | Name of Office | District Treasury Controller Office,Surkhet | | |
| | | | | Bank | Rastriya Banijya Bank, Surkhet Branch | | |

**Bid security period shall be 30 days beyond bid validity period. Eligible Bidders May Obtain further information at Road Division Surkhet (Tel:083:411349, Email roaddivisionsurkhet@gmail.com) or PPMO’S Website :- www.bolpatra.gov.np/egp**

**Division Chief**



## सम्पादकीय

# सुन प्रकरणमा कारबाही शंकाकै घेरामा

बहुचर्चित सुन प्रकरणको छानबीन गर्न उच्च अदालतका पूर्व कायम मुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा गठित उच्च स्तरीय आयोगले प्रतिवेदन तयार पारेसँगै राष्ट्रिय राजनीतिमा ठूलै हलचल आएको छ । आयोगले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को अनुसन्धानमै प्रश्न उठाएर प्रतिवेदन तयार पारेको थियो । उक्त प्रतिवेदन बिहीबार गृहमन्त्री रविलामिछानेलाई बुझाइएको थियो । गृहमन्त्री लामिछानेले त्यसैदिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग प्रतिवेदनबारे छलफल गरेका थिए भने शुक्रबार प्रतिवेदन बुझाएका थिए । प्रतिवेदन बुझेकै अपरान्ह मन्त्रिपरिषद्को बैठक राखेर आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो । आयोग बन्ने अनि आयोगले दिएको प्रतिवेदन बेवास्ता गर्ने प्रवृत्ति तोड्दै सरकारले देखाएको तदारूकताले थप तरंग आएको देखिन्छ । किनकि यो प्रतिवेदनले सीआईबीकै अनुसन्धान समेत समस्या देखाएको थियो भने सीआईबीका प्रमुख एआइजी किरण बज्राचार्य सहितका प्रहरी अधिकृतमाथि समेत कार्बाहीको सिफारिस गरिएको थियो ।

एआइजी बज्राचार्य सहित प्रहरी अधिकारीहरूमाथि कसैलाई जोगाउनेगरी अनुसन्धान प्रक्रिया अपनाइएको आरोप लागेको छ । राजनीतिसँग जोडिएका व्यक्तिहरू अनुसन्धानको दायरामा नल्याइएको आयोगको प्रतिवेदनप्रति गृहमन्त्री लामिछानेले सार्वजनिक रूपमै असन्तुष्टि जनाएका थिए । तर आयोगको प्रतिवेदन कार्यान्वयनको निर्णयले नागरिक पंक्तिमा आशा समेत जगाएको छ । अझ प्रतिवेदन बुझेकै दिन सुन प्रकरणमा जोडिएका पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेश पुन पक्राउ परेका छन् । शुक्रबारै पूर्व उपराष्ट्रपति पुनका वैदेशिक मामिला विज्ञ जीवनकुमार गुरूङविरूद्ध मुद्दा दर्ता भएको । सुन तस्करीमा दिपेश जोडिएको प्रमाण सहित सार्वजनिक भइसकेको थियो । सीआईबीको अनुसन्धान बाहिर राखिएकाले उनी पक्राऊ पर्न सकेका थिएनन् ।

तर दोषी छुटाउने मनसाय राखिएकाहरूलाई पनि नछोड्ने गृहमन्त्री लामिछानेले सार्वजनिक प्रतिबद्धता जनाएकाले राजनीतिक तरंग उत्पन्न भएको हो । आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय र गृहमन्त्रीको अभिव्यक्तिलाई लिएर नागरिक पंक्तिमा आशा देखिनु स्वभाविक हो । तर सँगै आशंका पनि देखिन्छ । किनकि यसअघि पनि ठूला भ्रष्टाचारका मुद्दा अगाडि बढिसकेपछि रोकिएको थियो । निवर्तमान गृहमन्त्री नारायणकाजी श्रेष्ठले ललितानिवास जग्गा प्रकरण, भुटानी शरणार्थी प्रकरण, सुन बरामद जस्ता कार्बाही अगाडि बढाएका थिए । तर ठूला नेताहरू पक्राउ पर्नासाथ लगभग सबै अनुसन्धान रोकिएको थियो । सुन तस्करी प्रकरणमा पनि विपक्षी भूमिकामा रहँदा एमाले, रास्वपा लगायतको संसद् अवरोधका कारण उच्च स्तरीय आयोग गठन गरिएको थियो । यो आयोगले प्रहरीकै उच्च अधिकारीहरूको अनुसन्धानमाथि प्रश्न उठाउनेदेखि सरकारकै नेतृत्व गरिरहेको माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा सहित उच्च तहका नेताहरूलाई मुद्दा चलाउन सिफारिस गरेको छ । स्वयं गृहमन्त्री लामिछानेलाई समेत सहकारी गठीका मुद्दामा जोडिएर सूचना यसअघि सार्वजनिक भएका थिए । त्यसैले सरकारले केही दिन यता देखाएको तत्परताले निरन्तरतामा पाउनेमा आशंका छ । यस्तो आशंका तोड्न सक्नु जरूरी छ ।

# 'न्यूज एंकर'का अवसर र चुनौति

अग्रलेख



● टिकाराम खड्का



समाचारका शीर्षकदेखि विस्तृतमा समाचार भनेर पाठक दर्शकलाई सु-सूचित पार्नु पत्रकारको पहिलो दायित्व हो । सूचनाको हक पत्रकार, सर्वसाधारण र सबैको भएपनि सूचना दिने र सही सूचना प्रदान गर्ने जिम्मेवारी सञ्चार माध्यम र सञ्चारकर्मी अर्थात् पत्रकारको हो । यसरी एउटा समाचार तयार पार्दा थुप्रै जनशक्तिको प्रयोग हुन्छ । सञ्चारको प्रकृतिअनुसार समाचार संकलन, त्यसको भाषा सम्पादनदेखि पाठक दर्शकसम्म पुऱ्याउँदा धेरै चरण पार गरेको हुनुपर्छ । तर, यो अभ्यास कति मात्रामा र कुन अवस्थामा हुन्छ भन्ने विषय भने सञ्चार माध्यम र पत्रकारको पेशागत मर्यादा र संस्थाले बहन गर्ने जिम्मेवारीमा पनि भर पर्छ । यसरी नै सूचना प्रदान गर्ने पत्रकारमध्ये यहाँ चर्चा गर्न खोजिएको छ, टीभी न्यूज एंकर अर्थात् समाचार वाचकको ।

न्यूज एंकर अर्थात् समाचार वाचक काँचको पर्दा (टेलिभिजन)मा मुख्य भूमिका निर्वाह गर्ने पात्र हो । यस्तो भूमिका निर्वाह गर्ने पत्रकार ग्ल्यामरस वा हेर्दा आकर्षक हुनुपर्छ भन्ने आम बुझाई छ । औपचारिक पोशाक अनि झकिझकाउ मेकअपमा सजिनु पर्छ भन्ने धारणा पनि छ । उमेरले डाँडो काट्न थालेपनि कोही काँचको पर्दामा आएर समाचार दिँदैछन् भने त्यसले पार गर्नैपर्ने चरण यस्तै हुनेहुन् ।

हामी टेलिभिजन सेट खोलेर हेऱ्यौं भने पहिलो दृष्टीमै समाचार भनिरहेको पत्रकारको हाउभाउ, सुन्दरता, व्यक्तित्व, भाषा, शब्द उच्चारण शैली र उसले गरिरहेको कर्मलाई मूल्यांकन गर्न थालिहाल्छौं । यस्तो मूल्यांकन मानव दिमागमा स्वचालित हुन्छ भन्दा पनि फरक पर्दैन् । समाचार हेरिसकेपछि समाचार वाचन गरिरहेकै अवस्थामा हाम्रो दिमागमा एकखाले धारणा समेत बनिसक्छ । कसरी पेश भइरहेको छ ? कस्तो विषयवस्तुमाथिको समाचार सम्प्रेषण गरिरहेको छ ? यस्ता तमाम विषयमा दर्शकले धारणा निर्माण गर्न थालिहाल्छन् । अझ् भनौं समाचार भनिरहेको व्यक्तिले आफूलाई मन पर्ने वा नपर्ने के विषयमा समाचार सम्प्रेषण गरिरहेको छ, त्यसको आधारमा न्यूज एंकरको सामाजिक चरित्रसमेत निर्माण गरिसकेका हुन्छौं । तर, यो कति सही हो ? सर्वसाधारण दर्शकलाई यो विषयमा धेरै गहिरो ज्ञान नहुन पनि सक्छ र आवश्यक पनि नहुन सक्छ । समाचारको विषयवस्तु र त्यसलाई समग्रतामाबाहेक सामान्य दर्शकले बुझोस् पनि किन ? त्यो बुझेर पाउने के ? यसकारण न्यूज एंकरबारेका भ्रम र उनीहरूबारे बन्ने सकारात्मक नकारात्मक टिप्पणीबारे यहाँ केही प्रष्ट पार्न खोजिएको हो ।

समाचार वाचन एक प्रकारको कला हो । समाचार वाचन कला आम मानिसको मनमा सहजै प्रवेश पाउने अस्त्र पनि हो । समाचार वाचनका आ-आफ्नै शैली र तरिका हुन्छन् । समाचार वाचनका लागि पत्रकारले मिडियाको शैली र विषयवस्तुको गम्भीर्यता बुझेर पेश हुने एकखाले अभिनय पनि हो । यस कारण समाचार वाचन एक प्रकारको अभिनय होभन्दा पनि फरक पर्दैन भन्ने लाग्छ ।

समाचार वाचकले कस्तो अवस्थाको समाचार सम्प्रेषण गर्छ ? समाचार तयार कसरी हुन्छ ? कस्ता प्रक्रिया पार गरिसकेपछि समाचार सामाग्री तयार हुन्छ अनि समाचार वाचकले त्यसलाई सम्प्रेषण गर्छ ? यस्ता विषयमा सर्वसाधारणलाई पनि भन्न आवश्यक छ । कुनैपनि सञ्चार माध्यममा समाचार वाचनको काम अन्तिम चरणको काम हो । समाचार तयार हुनलाई विभिन्न चरण पार हुनुपर्छ । समाचार कक्षमा संकलित सूचनालाई एकीकृत गर्ने, त्यसलाई एंगलिङ्ग दिने, समाचार स्क्रिप्ट तयार पार्ने, भाषा सम्पादन गर्ने र भाषा सम्पादनपछि त्यसलाई स्वरांकन गर्ने, भिडियो सम्पादन गर्ने, सम्पादित भिडियोलाई सम्पादन कक्षले अन्तिम तथ्य जाँच गरेपछि प्रशारणका लागि तयार भएको सन्देश दिने काम समाचार वाचन हो । यति चरण पार गरेपछि बल्ल समाचार टेलिभिजनको पर्दामा आउने हो । यसरी समाचार तयार पार्दा त्यहाँ धेरै किसिमको जनशक्तिको प्रयोग हुन्छ । रिपोर्टर, क्यामेरा, न्यूजरुम, सम्पादन कक्ष, भिडियो सम्पादन कक्ष, प्रुफ हेर्नेदेखि विभिन्न चरण पार गरुन्जेल त्यो समाचारले एक किसिमको आकार लिन्छ । त्यसपछि बल्ल समाचार वाचकले कलात्मक शैलीमा पेश गर्ने हो ।

यसरी उत्पादन भएको समाचार सामाग्री कहिलेकाँही सकारात्मक त कहिलेकाँही नकारात्मक प्रतिक्रियाको शिकार बनिदिन्छ । यस्तो बेला

*न्यूज एंकरका आफ्नै दुःख र प्रतिष्ठा पनि छन् । समाजमा उनीहरूलाई धेरैले चिनिरहेका हुन्छन् । समाचार सम्प्रेषण गरेकै भरमा उनीहरूलाई धेरैले आदर्श पात्रको रूपमा समेत लिन्छन् । तर, स्वार्थको चपेटामा परे भने उनीहरूले आर्जन गरेको व्यक्तित्वको सम्पत्ति क्षणभरमै टुंगिन्छ । यसकारण पनि न्यूज एंकरका दुःख उनीहरू स्वयम्ले हटाउन सक्दैनन् ।*

त्यसको शिकार हुने पनि न्यूज एंकर नै हुने गर्छन् । यता, सकारात्मक प्रतिक्रिया आयो भने पनि त्यसको हकदार न्यूज एंकर नै हुने अवस्था रहन्छ । समाचार कक्षले सामान्यतयाः समाचार उत्पादन गर्दा जनशक्तिको अवस्थितिलाई हेरेर काम गर्ने गरेको पाइन्छ । रिपोर्टरहरूले समाचार सामाग्री उत्पादनमा जस्तो भूमिका खेलेपनि त्यसलाई जोड्न एंकरले प्रमुख भूमिका खेल्ने भएकाले दर्शकले त्यसको जस/अपजस समाचार तयार पार्नेलाई भन्दा पनि एंकरलाई नै दिने गरेको देखिन्छ । यसमा मिडिया लिटरेसीको कमी वा अन्य विषयलाई जोड्न त सकिन्छ । तर, यो पर्याप्त आधार भने होइन् ।

समाचार कक्षमा उत्पादन हुने समाचार सामाग्री सधैँ जनपक्षीय हुन्छन् भन्ने कदापी हुन्न् । सम्पादकीय स्वतन्त्रता वा स्वायत्तताको विषय पत्रकारितामा खुब चर्चामा आउने विषय हो । तर, व्यवहारतः सबै क्षेत्रमा यो लागू हुन्न र गर्न सम्भव पनि बनाइन्न । सञ्चार माध्यम चल्नलाई विज्ञापन अनिवार्य सर्त हो । पछिल्लो समय सामाजिक सञ्जाल पनि आम्दानीको स्रोत बनिरहेकाले केही हदसम्म विज्ञापनलाई मात्रै आधार मान्न नसकिएपनि मूलतः विज्ञापनबिना सञ्चार माध्यमको सञ्चालन सम्भव देखिन्न । विज्ञापन बजार जसरी साँघुरिदै गएको छ, त्यसरी नै सञ्चार माध्यममा पनि संकट देखा परिरहेको तीतो सत्य हामीसामू छ । यसलाई हेर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने, विज्ञापन बजार र मिडिया मालिकको स्वार्थ बाझिदा त्यसको शिकार न्यूज एंकर बन्न पुग्छन् ।

समाचार कसरी उत्पादन भयो ? यसमा कसको स्वार्थ जोडिएको थियो ? न्यूज रुममा परेको प्रभाव कस्तो थियो ? वा न्यूज रुम कति सन्तुलित हुन सक्यो भन्ने विषय आम दर्शकलाई थाहा हुने विषय पनि भएन् । तर, यसरी प्रभावित भएका विषयवस्तुमाथिका समाचार सामाग्रीलाई पेश गर्ने जिम्मेवारी त न्यूज एंकरको नै हो । न्यूज एंकरलाई सम्बन्धित समाचार सामाग्री मन नपरेपनि म यसलाई सम्प्रेषण गर्दैन भन्न मिल्ने अवस्था लगभग रहन्न । यसकारण पनि अरु कसैको स्वार्थको शिकार उनीहरू बन्न पुग्छन् ।

न्यूज एंकरका आफ्नै दुःख र प्रतिष्ठा पनि छन् । समाजमा उनीहरूलाई धेरैले चिनिरहेका हुन्छन् । समाचार सम्प्रेषण गरेकै भरमा उनीहरूलाई धेरैले आदर्श पात्रको रूपमा समेत लिन्छन् । तर, स्वार्थको चपेटोमा परे भने उनीहरूले आर्जन गरेको व्यक्तित्वको सम्पत्ति क्षणभरमै टुंगिन्छ । यसकारण पनि न्यूज एंकरका दुःख उनीहरू स्वयम्ले हटाउन सक्दैनन् । तर, यस्तो विषयमा उनीहरूले पनि ज्ञान छर्ने काममा ध्यान दिन आवश्यक छ ।

न्यूज एंकर बन्न कला कौशल र ग्ल्यामर हुन आवश्यक ठानिन्छ । सुन्दर, आकर्षक र टिपटप देखिनुपर्नेदेखि आवाजसमेत कमाण्ड गर्न सक्ने खोजिन्छ । यसको एउटै कारण हो, समाचार सम्प्रेषण तुलनात्मक रूपमा ग्ल्यामर देखियोस् । अब प्रश्न उठ्छ, के समाचार सम्प्रेषण ग्ल्यामरस क्षेत्र मात्रै हो ? यसका परम्परागत मान्यतालाई अहिले पनि पछ्याई रहन आवश्यक छ ? न्यूज एंकर सुन्दर र आकर्षक नभए हुन्न ? उनीहरूमा ज्ञानभन्दा पनि सुन्दरता मात्रै भए पुग्छ ? पक्कैपनि यो सोचनीय विषय हो ।

मुलुकको सञ्चार क्षेत्रमा कार्यरत कतिपय न्यूज एंकरहरू सुन्दरताले भरिपूर्ण छन् । ग्ल्यामरस पनि छन् । टेलिभिजन सेटमा उनीहरू चित्ताकर्षक नै देखिन्छन् । तर, उनीहरूमा ज्ञान र अध्ययनको अभावका कारण मिडियाप्रतिको धारणा नै बदलिने डर पैदा हुने खतरा छ । विषयवस्तुमाथिको गहिराईको पनि कमी देखिन्छ । समाचार सम्प्रेषणको बेला उनीहरूले कुनै-कुनै समाचारको त मर्म नै मारिदिन्छन् । तर पनि उनीहरू सञ्चार क्षेत्रमा जमेकै छन् । टेलिभिजनको पर्दामा देखिएकै छन् । यसकारण पनि सञ्चार क्षेत्र दिग्भ्रमितताको पर्याय बन्ने खतरा रहन्छ ।

न्यूज एंकरिङ्गमा अब प्रविधिको विकाससँगै चुनौति पनि बढेको छ । विश्व टेलिभिजन जगतमा आर्टिफिसिएन इन्टेलिजेन्स (एआई)को प्रयोगबाट कतै जनशक्ति कटौति त हुने होइन भन्ने आशंका बढेको देखिन्छ । विश्वका केही टेलिभिजनहरूले एआईमार्फत समाचार सम्प्रेषण गरेका दृश्यमात्रै नभएर दोहोरो संवादको भिडियो समेत सार्वजनिक गरिरहेका छन् । छिमेकी भारतमा समेत यस्तो प्रयोग परीक्षण गरिएको छ । यसले अबको विश्वलाई एआई केन्द्रित त बनाउदैन ? ग्ल्यामरस क्षेत्र भनिएको एंकरिङ्गलाई ज्ञान, सुन्दरता, चित्ताकर्षकदेखि एंकरमा हुनुपर्ने सबै विषयको प्याकेज त बन्दैन ? चिन्ता यहाँ हो ।

न्यूज एंकरिङ्गमा देखिएका चुनौति झट्ट सामान्य लागेपनि यी विषय गम्भीर छन् । घट्दो विज्ञापन बजार, आर्थिक मन्दीले ल्याएको व्यापार संकुचन, ठूलो मात्रामा जनशक्तिको खाँचो र एंकरिङ्गका लागि आवश्यक प्याकेजदेखि धेरै विषय समेटिएको एआईले थपेको चुनौति सामना गर्न अब एंकरिङ्गमा चासो भएकाहरूले आफूलाई अपडेट गर्नुपर्ने आवश्यकता छ । धेरै विषयको प्याकेज आफैलाई बनाउन आवश्यक छ । मल्टिटास्किङ्ग बन्न जरुरी छ । टीभीको पर्दामा देखिएकै छु भनेर निर्धक्क हुनेभन्दा पनि ज्ञानको दायरा फराकिलो पार्दै थप सिर्जनशिल बन्न जरुरी छ । चुनौतिसँग अवसर पनि हुन्छ । एआई मान्छेको कन्ट्रोलमा हुन्छ । सीमित सूचनाको पहुँच र इन्टरनेटमा उपलब्ध तथ्यांकलाई विश्लेषण गर्नेबाहेक थप सिर्जनशिल र गतिशिल बन्न कठिन हुन्छ नै । हुन त, जापानमा एआईको प्रयोगबाट सिर्जित उपन्यासले पुरस्कार जितेको घटना सार्वजनिक भएको धेरै भएको छैन् । तर, हरेक चुनौतिसँगै आउने अवसरलाई सम्पत्तिको रूपमा अघि बढाउन सके, न्यूज एंकरिङ्ग अब मल्टिटास्किङ्ग र थप प्रभावकारी बन्नेमा आशंका छैन् ।

प्रविधिको विकाससँगै सञ्चार माध्यममै देखिएको संकटलाई पार लगाउन पनि अब न्यूज एंकरले आफूलाई परिस्कृत र नयाँ युगमा परिभाषित बनाउन आवश्यक छ । विश्वसनीयता, सन्तुलन, तथ्य र वस्तुनिष्ठतालाई मानव आकांक्षासँग जोड्ने र आम मानिसको जीवन परिवर्तनका लागि पत्रकारिता गर्ने अठोट बोकेर यो क्षेत्रमा आउने वा आएकाले पनि आफूलाई यहाँ ढर्रामा फेर्ने काम नगरे पत्रकारितामा लामो समय स्थान बनाउने स्थिति कम्तिमा अब नरहन सक्छ ।

## सामाजिक सञ्जाल



- रञ्जित तामाङ

आरोप पुष्टी होला/नहोला तर, एक थाल भात खान र एकसरो लुगा लगाउन सत्ता र शक्तिको आडमा गलत काम गर्न हुँदैन भन्ने कुराको पुष्टी दिपेश पुनको पक्राउले गरेको छ । अनि, पार्टी भनेको पैसा दिइन्जेल मात्रै हो । पार्टीहरूले बरु कुकुर चिन्छ, भड्खालोमा परेको आफ्नो नेता कार्यकर्ता चिन्दैन ।




- चन्द्र श्रेष्ठ

विज्ञापन या चुनावी भाषण होइन ! सरकारको नेतृत्व प्रचण्डलाई अनि सरकारलाई टेको लगाउन रवि चाहिने साथै, शेरबहादुर र केपीले हसिया हतौडामा भोट हाल भन्दा हालिदिनु पनि पर्ने । तितो यथार्थलाई मध्यनजर गर्ने हो भने 'मिसन-८४' रविलाई र प्रचण्डलाई किन साथ नदिने भन्दै छन् चिया पसल तिर !



- कृष्ण अर्याल

हाल नेपालको जल्दो बल्दो व्यवसाय धर्म र जातियताको खेती हो । त्यसपछि राजनीतिको खेती र अर्को प्रमख व्यवसाय दलाली हो । यी व्यवसाय राज्यको पहुँच भएकाले गरिरहेका छन् । जसको राज्यले नियमन अनुगमन नगरेर प्रोत्साहन गरेको छ । यो व्यवसाय करमुक्त पनि छ किन भने राज्य संचालकहरूको संलग्नता छ ।



- रोशन शिबाकोटी

सहकारी पीडितलाई न्याय दे रे ! सहकारी लुटधन्दामा प्रमुख संरक्षण एमाले र कांग्रेस नै होइनन् र ? जिबी रवीहरूले त त्यही खुकुलो अवस्थाको अलिअलि फाइदा उठाएको मात्रै होइन ? हिजोसम्म सत्तामा हुँदा कति पीडितलाई न्याय दियौ, कांग्रेसजन हो ? सहकारी ठग एमाले सत्तामा हुँदा कसरी पीडितले न्याय पाउलान् ?

## तपाईंको राशिफल

मेष : व्यक्तिगत काममा सफलता मिल्नेछ । मन प्रफुल्लित रहनेछ ।

वृष : प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ ।

मिथुन : व्यापारिक कार्यमा प्रगति हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।

कर्कट : साथीभाईबीच सुमधुर सम्बन्ध रहनेछ । विदेश यात्राको योग छ ।

सिंह : सरकारी कार्यमा प्रगति हुनेछ । सामान भने ध्यान दिनुपर्ला ।

कन्या : धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्य माथि ध्यान दिनुपर्छ ।

तुला : राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ ।

वृश्चिक : पारिवारिक खर्च धेरै हुनेछ । अलि रुकावटपछि सफलता मिल्नेछ ।

धनु : भाग्य राम्रो रहनेछ । पारिवारिक जीवन सुखमय रहनेछ ।

मकर : अनावश्यक खर्च हुने योग छ । विवाद गर्नु हुँदैन ।

कुम्भ : महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला ।

मीन : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्च हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सामाजिक तथा आर्थिक समानताको सवाल

विचार



● ज्योतिलाल वन

**काठमाडौं/मस-** नेपाली चलचित्र 'महाजात्रा' नेपालसहित विश्वभर एकसाथ चैत ९ गतेदेखि प्रदर्शन हुदैछ। पैसा व्यवस्थापन गर्न कति असहज छ भनेर महाजात्रामा देखाउन खोजिएको छ। विदेशमा रहेका नेपाली दर्शकलाई मध्यनजर गर्दै चलचित्रलाई नेपाल सहित ४० देशको २ सय ५० बढी सहरहरूमा प्रदर्शनको तयारी छ। विदेशमा प्रदर्शनका लागि वितरण गरिरहेको एमएसएम इन्टरटेन्मेन्ट्स् र यसका साझेदार कम्पनीले रिलिज गर्दैछन्। कम्पनीका अनुसार संयुक्त राज्य अमेरिका र क्यानडामा नाम्लो इभेन्ट्स र कोसेली कोलोराडो, मिडलइस्ट अन्तर्गतका देशमा कन्सेप्ट भिजन र सुप्रिम फिल्म प्रोडक्सन एण्ड डिस्ट्रिव्युसन, युरोप अन्तर्गतका देशमा एनएमटी डेनमार्क, जापानमा आन्वी इन्टरटेनमेन्ट्स, कोरियामा विशाल आवाज मल्टिमिडिया प्राली, न्युजिल्यान्डमा लाखे इभेन्ट्स र अष्ट्रेलियामा स्वयम् एमएसएम इन्टरटेनमेन्ट्स् र रोटे पिडले फिल्मलाई वितरण र प्रदर्शन गर्दैछ।

यस्तै 'महाजात्रा' साउदी अरेबियामा प्रदर्शन हुने पहिलो नेपाली फिल्म बन्दैछ। एमएसएम इन्टरटेन्मेन्ट्स् र मध्यपूर्व देशका वितरक कन्सेप्ट भिजन र सुप्रिम फिल्म प्रोडक्सन एण्ड डिस्ट्रिव्युसनको प्रयासले साउदी अरेबियामा पहिलोपटक नेपाली फिल्मको रूपमा 'महाजात्रा' प्रदर्शन हुँदैछ।

'जात्रा' र 'जात्रै जात्रा' पछि 'महाजात्रा' को लेखन समेत निर्देशक र लेखन प्रदीप भट्टराईले गरेका हुन। 'जात्रा' शृङ्खलाकै कलाकारहरू विपिन कार्की, रवीन्द्र सिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, अरविन खड्का, प्रकाश घिमिरे, राजाराम पौडेलसँगै यसपटक अभिनेता हरिवंश आचार्य, दिव्य देव, गौमाया गुरुङको अभियन रहेको छ।

## 'भागु' सर्वोत्कृष्ट नाटक घोषित



**काठमाडौं/मस-** राष्ट्रिय बाल नाटक मेला २०८० को सर्वोत्कृष्ट नाटक 'भागु' घोषित भएको छ। उत्कृष्ट अभिनेता, अभिनेत्री, निर्देशक लगायत ७ वटा अवार्डसहित सर्वोत्कृष्ट नाटकको उपाधि सहित 'भागु' ले एक लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको हो। नाटक मेलाको समापन समारोहमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले विजयी नाटकका कलाकार, निर्देशक लगायतलाई ट्रफि, प्रमाणपत्र र नगद पुरस्कार वितरण गरिन्। भक्तपुरको निष्ट स्कूलले तयार पारेको नाटक 'भागु' सुदूरपश्चिमको बैतडीमा भएको भागीरथी बलात्कार तथा हत्याकाण्डको सत्य कथामा आधारित छ।

नाटकमा रुमानी रोकाया, ट्रेजा ढकाल, सुजन पहाडी, रेबिसा श्रेष्ठ, अपेक्षा अधिकारी, जिभिका खतिवडा, कृषा नेपाल, श्रीयम भट्टराई, आर्जन अधिकारी, स्यारोन कटुवाल, रिदम रावत, सौर्य शाह, अग्रिम थापाले अभिनय गरेका थिए। नाटकका लेखक पुष्पराज अवस्थी हुन्।

## समीक्षाको स्वरमा 'मैले जितेर पनि हारे'

**काठमाडौं/मस-** अभि सुनारको शब्द, संगीत र समिक्षा अधिकारीको स्वरमा 'मैले जितेर पनि हारे' गीतको भिडियो सार्वजनिक भएको छ। समाजमा घटिरहेको यथार्थ घट्नालाई चित्रित भिडियोमा रमेश सेन्चुरी, कुसुम शर्मा, अभि सुनार, करिष्मा क्षेत्रीको अभिनय रहेको छ। भिडियो मुकेश हुमगाईले खिचेका हुन भने सम्पादन विनोद बम, निर्देशन एलोन रेशमको रहेको छ।

## बिन्ध्यवासिनी फाउण्डेसनको आजीवन सदस्यमा उत्साह




**काठमाडौं/मस**-नेपाली कला र मनोरञ्जनको क्षेत्रमा पृथक पहिचान बनाउन सफल लोकप्रिय कलाकार/मोडल उत्साह घिमिरे 'बिन्ध्यवासिनी फाउण्डेसन'को आजीवन सदस्य भएकी छिन्। 'चौधौं बिन्ध्यवासिनी म्युजिक अवार्ड-२०८०' को अवसरमा बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममार्फत् प्रमुख अतिथि तथा बरिष्ठ कवि एवं गीतकार दिनेश अधिकारी र फाउण्डेसनकी अध्यक्ष लिना शर्मा रेग्मीले घिमिरेलाई सम्मानसहित प्रमाणपत्र प्रदान गरेका हुन्।

'नेपाली गीतसंगीत क्षेत्रसँग सम्बन्धित रहनुभएका अग्रज व्यक्तित्वहरूको सम्मान, अनुजहरूका लागि प्रोत्साहन, नेपाली गीतसंगीतको प्रवर्द्धन तथा विकासमा योगदान, नेपाली कला-संस्कृति-साहित्यको संरक्षणका निमित्त स्थापना भएको यस बिन्ध्यवासिनी फाउण्डेसनको आजीवन सदस्यतासहित यो सम्मान प्रदान गरिएको छ' अध्यक्ष रेग्मीद्धारा हस्ताक्षरित सम्मानपत्रमा भनिएको छ- 'बिन्ध्यवासिनी फाउण्डेसनको सम्पूर्ण सदस्यहरू नेपाली गीतसंगीतका निमित्त क्रियाशील हुने/रहने छन्। नेपाली गीतसंगीत नै हाम्रो कर्म र धर्म हुनेछ।'

हुन पनि घिमिरे नयाँ पुस्ताकी चर्चित कलाकार/मोडल हुन्। विगत करिव एक दशकदेखि व्यवसायिक ढंगले यसैमा समर्पित उनले तीन दर्जनभन्दा बढी म्युजिक भिडियोमा आफ्नो कला-क्षमता प्रदर्शन गरिसकेकी छिन्। घिमिरेले सर्वोत्कृष्ट र चर्चित कलाकार-मोडलको हैसियतमा 'आठौं राप्ती म्युजिक अवार्ड-२०७९', 'तेस्रो नाट्येश्वरी अवार्ड-२०७९', 'चौथो एपिक नेपाल-२०७९', 'जयप्राप्ति म्युजिक अवार्ड-२०७९' एवं 'पुष्पाञ्जली शरद मेला-२०७९', 'रामेछाप साँस्कृतिक कलाकार समाज', 'राष्ट्रिय चलचित्र प्राविधिक तथा कलाकार सम्मान-२०७९' आदि प्राप्त गरिसकेकी छिन्। त्यस्तै, तीन साताअघि सम्पन्न 'पाँचौं ज्योति फिल्मस् म्युजिक अवार्ड-२०८' लगायत कार्यक्रममा पनि कुशल निर्णायकको भूमिका निर्वाह गरेकी छिन्। 'लोकदोहारी प्रतिष्ठान'को आजीवन सदस्य तथा 'सत्यवती कला केन्द्र'को सदस्य घिमिरेले अभिनय गरेको 'आयौ चेली माइती सम्झेर...', 'जसलाई मैले...', 'मिठो सम्झना...', 'स्वाहा...', 'आमाको छाया...', 'मिठो बोली...', 'ज्वाइँ राजा...', 'वर्ष दिन बितेको...', 'बाग्लुङ भकुण्डे...', 'यसपालिको तिज...', 'जोडी परेवा...', 'उड्यो मालचरा...', 'सुन्दरबजार कटेसी कुन्छा...' जस्ता म्युजिक भिडियो तथा गीत व्यवसायिक रुपमा निकै सफल मानिन्छन्। 'समाज र राष्ट्र भनेको भुगोल अनि जनसंख्या मात्रै होइन, यसले बोल्ने भाषा, अपनाउने संस्कृति अनि देखाउने कला-अभिनय पनि हो' घिमिरे भन्छिन्, 'हामीसँग राष्ट्रियता झल्काउने आफ्नै किसिमको मौलिकता छ। त्यसलाई बचाइराख्न कलाकार/मोडलको भूमिका अनि योगदान हुन सक्छ। म पनि पहिले रहरै रहरमा लागें, पछि सुनौलो सपना देख्न थालें। सपनाले देखाएको बाटो पछ्याउँदै यहाँसम्म आइपुगेको छु, खुसी-सन्तुष्ट छु। अझै धेरै गर्न बाँकी छ। त्यसैले निरन्तर देश र समाजप्रति समर्पित रहेर कर्म गर्ने नै छु।'

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/१२/०४**

**नयाँ ल्याब नयाँ प्याथोलोली प्रा.लि.**को मिति २०८०/११/०४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नोबेल नयाँ ल्याब नयाँ प्याथोलोजी प्रा.लि. (प्रा.लि. नं.: १९४७६०)** कायम गर्ने गरी मिति २०८०/११/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Gulariya, Bardiya**

**Issuance of Letter of Intent to Award the Contract**

**Date of Publication: 2080/12/04**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2080/09/23 (January 08, 2024) for execution of the Construction of trail bridge as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Lowest Evaluated Bidder | Name of Project | Contract Identification No. | Bid Amount Including VAT & P.S. (Nrs.) |
|---|---|---|---|---|
| 1 | M/S B lama Nirman sewa, Daraunepokhari-04. | Construction of Bansgadhi na.pa. 4 Madaha dekhi Bansgadhi na.pa. 2 Badkuda jodne Dodawa Khola ma Jho.Pu. | RIDO/BARDIYA/W/NCB/BRI-65-080-81 | 1,85,32,000.00 |
| 2 | Chandrodaya Nirman Sewa, Malumela-06, Thalara Bajhang | Construction of Dodawa Khola (Bhakari dekhi Gidrahawa jodne jho.pu. Bansgadhi 3) Bardiya | RIDO/BARDIYA/W/NCB/BRI-66-080-81 | 1,79,64,488.01 |
| 3 | Chandrodaya Nirman Sewa, Malumela-06, Thalara Bajhang | Construction of Geruwa 2 ra 4 jodne Chhulchhuleghat Budhikuloma jho.pu | RIDO/BARDIYA/W/NCB/BRI-68-080-81 | 95,91,188.01 |

**Office Chief**

**Simkot Rural Municipality**
**Office of Rural Municipal Executive**
**Simkot, Humla**

**Date of publication: 2080/12/04**

1. The Simkot Rural Municipaliy invites electronic bids from Nepalese eligible bidders for the goods under Bidding procedures. The estimated amount for the goods are Rs. As mentioned below.
2. A complete set of Bidding Documents may be purchased by eligible bidder, upon payment of a non-refundable fee of RS 1000 till bid document submit. Information to deposite the cost of bidding document in bank.
   **Name of the bank** : **RBB Humla**
   **Name of office** : **Simkot Rural municipaliy.**
   **Rajaswa (revenue) shirshak no.** : **4190100301010003 (Rajaswa)**
3. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np.

**Details of Work**

| S. N. | Contract Id No. | Description of Works | Location of site | Estimated Amount Without VAT | Bid Security Amount in NRs. | Bid Document cost | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SRM/SQ/G/06-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 8 | 9,68,190.99 | 25,000.00 | 1000 | |
| 2 | SRM/SQ/G/07-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 2 | 10,06,862.92 | 25,000.00 | 1000 | |
| 3 | SRM/SQ/G/08-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 7 | 9,56,435.62 | 25,000.00 | 1000 | |
| 4 | SRM/SQ/G/09-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 5 | 8,56,947.68 | 21,000.00 | 1000 | |
| 5 | SRM/SQ/G/10-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 6 | 8,56,785.8 | 21,000.00 | 1000 | |
| 6 | SRM/SQ/G/11-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 1 | 6,16,002.45 | 15,000.00 | 1000 | |
| 7 | SRM/SQ/G/12-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 3 | 5,91,167.68 | 15,000.00 | 1000 | |
| 8 | SRM/SQ/G/13-2080-81 | procurement of construction materials & TRASPORTATION UPTO OFFICE | SIMKOT RM 4 | 5,95,338.5 | 15,000.00 | 1000 | |
| 9 | SRM/SQ/G/14-2080-81 | procurement of Solar Dryer & TRASPORTATION UPTO OFFICE | SIMKOT RM | 12,45,035.00 | 35,000.00 | 1000 | |
| 10 | SRM/SQ/G/15-2080-81 | procurement of Multi Crops Combine mill machine & TRASPORTATION UPTO OFFICE | SIMKOT RM | 7,15,596.80 | 20,000.00 | 1000 | |
| 11 | SRM/SQ/G/16-2080-81 | procurement of solar system, TRASPORTATION & installation work | SIMKOT RM 1-8 | 10,50,041 | 25,000.00 | 1000 | |

**Chief Adminstrative Officer**

# आर्मीलाई उपाधि




**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत ।

विराटनगरमा सम्पन्न कोशी प्रदेश ट्रफी टी-२० को उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ। कर्णालीविरुद्ध सहज जित निकाल्दै आर्मीले उपाधि जितेको हो। टस हारेर पहिले फिल्डिङको निम्तो पाएको आर्मीले कर्णालीलाई ११० रनमै रोकेको थियो । औसत लक्ष्य पाएको आर्मीले ४६ बल बाँकी रहँदै ९ विकेटले जितेको हो ।

आर्मीका बलरहरुले ब्याटिङ लाइन जम्न नदिदा कर्णालीले औसत लक्ष्य तय गरेको थियो । कर्णालीका विकेटकिपर बिपिन थापाले सर्वाधिक २७ रन जोडेका थिए । कप्तान विपिन शाही र अर्का ओपनर मनिष थापाले २१/२१ रन जोडे । दिनेश अधिकारीले कर्णालीका निम्ति १२ रन जोडे। अरु ब्याट्सम्यानले दोहोरो अंक जोड्न सकेनन्। कर्णालीका अर्जुन घर्ती ४, हिमांशु शाही २, दिपेन्द्र रावत ६, दिवन पुन ५, अनिस ठकुरी १ र अनुज चुनाराले १ रन जोडे । प्रकाश जैंशीले खाता खोल्न सकेनन् । आर्मीका लागि ट्रितराज दास, बसिर अहमद, साहब आलम र सुमित श्रेष्ठले समान २/२ विकेट र प्रकाश कार्कीले १ विकेट लिएका थिए। जवाफी ब्याटिङमा आर्मीका ट्रितराजले नटआउट अर्धशतक प्रहार गरे। उनले ३३ बलमा २ छक्का र पाँच चौका प्रहार गरे । ओपनर सन्तोष कार्की २१ रनमा आउट हुँदा अर्का ओपनर इमरान शेख ३८ रनमा नटआउट रहे ।

# मन्त्री क्वार्टरलाई खेलाडी आवास बनाउने पहल

**काठमाडौं/मस-** एकपछि अर्को बोल्ड निर्णय गरिरहेका युवा तथा खेलकुद मन्त्री विराजभक्त महर्जनले पुल्चोकस्थित मन्त्री क्वार्टरलाई खेलाडी आवास बनाउन पहल गर्ने बताएका छन् । आरबीबी एनभीए महिला तथा पुरुष भलिबल च्याम्पियनसीप प्रतियोगिता गर्दै गर्दै मन्त्री महर्जनले खेलाडी आवासबारे बताएका हुन् ।



मन्त्री क्वार्टर भैंसेपाटीमा बनिरहेको छ । भैंसेपाटीको नयाँ मन्त्री निवास भवन बनिसकेपछि पुल्चोकस्थित निवास खाली हुँदैछ। खाली हुने मन्त्री निवासलाई खेलाडी आवास बनाउन राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले प्रस्ताव गरिसकेको छ । राखेपका सदस्य सचिव टंकलाल घिसिङले पुल्चोकस्थित मन्त्री क्वार्टरलाई खेलाडी आवास गृह बनाउन प्रस्ताव लगेका थिए ।

त्यही प्रस्ताव आफूले अगाडि बढाएको मन्त्री महर्जनले बताए । मन्त्री महर्जनले राखेपको प्रस्ताव कार्यान्वयन गर्न पहल अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् ।

गत २३ फागुनमा पुनर्गठित मन्त्रिपरिषद्मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद महर्जन युवा तथा खेलकुद मन्त्री नियुक्त भएका थिए । मन्त्री बनेलगत्तै उनले खेलकुद प्रतियोगिताका नाममा विदेश जाने प्रवृत्तिमा अंकुश लगाउने कदम चालेका थिए । शनिबारको कार्यक्रममा पनि मन्त्री महर्जनले मानव तस्कर गरिहेका प्रशिक्षकहरुलाई कार्बाहीको दायरामा ल्याउने प्रतिबद्धता जनाएका छन्। शुक्रबार पनि मन्त्री महर्जनले दशरथ रंशगालामा खेलकुद बाहेकका गतिविधि गर्न नदिन निर्णय गरेका थिए । रंगशालाको अवस्था राम्रो नभएकाले खेलकुद बाहेकका गतिविधिमा रोक लगाउन निर्देशन दिएका थिए ।

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
## प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई
धनगढी, कैलाली

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/१२/४ गते**

यस कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्बर | कामको विवरण | छनौट भएको बोलपत्रदाता | लागत अनुमान रु. | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|---|
| PTDPIU/work/NCB/01–2080–081 | The construction footpath khapdat tourism area -bichpani to tribenidham_ | Api saipal Marma construction & Suppliers marma–03 Darchula | ९९,९९,६७५.२६ | ३८,५८,६७८.८ |

**कार्यालय प्रमुख**


## साउदीमा रोजगार

कम्पनी : DAAM HASEEF CONTRACTING COMPAY
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/१२/०२ चलानी नं.: ६०२१६६१७ LT. No.: 301720

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping Worker | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Tool Cleaning Worker | 1 | 0 | | 1200 | ४२,३३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत ११ गते (24 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
ISO 9001:2000

## मलेसियामा रोजगार

कम्पनी: PEMBINAAN YEE HWA SDN BHD
शहर: JOHOR

पुर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३४३५ LT. No.: 288110 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत ११ गते (24 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile : 9808793080 | 9851035409 | 9823772238 | 9818272436 | 9855012503 |9851010834

## UAE मा रोजगार

कम्पनी: ARABIAN PROFILE COMPANY LIMITED
शहर: UAE,Sharjah

पुर्व स्वीकृत मितिः २०८०/१२/०२ चलानी नं.: ६०२१६६१५ Lt No.: 301679

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Carpenter | 25 | 0 | स. काममा दक्ष | 1200 | ४३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता झापा प्राविधिक ट्रेनिङ सेन्टर झापामा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता प्रुडेन्सियल ट्रेनिङ सेन्टर इटहरीमा २०८० चैत १६ गते (29 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर जनकपुरमा २०८० चैत १७ गते (30 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता निखिल ट्रेनिङ सेन्टर काठमाडौंमा २०८० चैत १८ गते (31 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, नेपाल, श्रम ईजाजत नं. : ६२७/०६३/०६४
Tel No: 01-4004535, 4004532, 400552
Kathmandu - 9851137102, 9851357667, 9851193714 & 9803741162
Jhapa- 9818498886 & 9852681088, Itahari - 9704325374 & 02-5587422
Janakpur- 9851320413 & 9801303131

## मलेसियामा रोजगार

कम्पनी: LEONG HUP AGRICULTURE [DESARU] SDN BHD
शहर: Malaysia,PERAK

पूर्व स्वीकृत मितिः २०८०/१२/०२ चलानी नं.: ६०२१६६५५ L.T. No.: 301726

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० चैत ११ गते (24 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Saptakoshi Human Resource Pvt. Ltd.**
SHR Est. 2010
Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 01-4583525/4583524
Email: info@saptakoshihr.com

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO.W.L.L. शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०८/०८ चलानी नं.: ६०२१०५५४ LT. No.: 295558 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bull Dozer Operator | 13 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Diesel Mechanic | 6 | 0 | | 140 | ६०,२६९ | | | | | | | |
| 3. | Electrician | 6 | 0 | | 140 | ६०,२६९ | | | | | | | |
| 4. | Grader Operator | 15 | 0 | | 160 | ६८,८७८ | | | | | | | |
| 5. | Heavy Driver | 32 | 0 | | 150 | ६४,५७४ | | | | | | | |
| 6. | Wheel Loader Operator | 7 | 0 | | 160 | ६८,८७८ | | | | | | | |

**अन्तर्वार्ता सल्लाघारी चौर, चितपोल-१०, सुर्यविनायक न.पा., भक्तपुरमा २०८० चैत ११ र १३ गते (24 & 26 March 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता चोभार, किर्तीपुर न.पा., काठमाडौंमा २०८० चैत १२ गते (25 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9818550053 | 9801026390 | 9803126395


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको ब्यवोहरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलुक /राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERETOR | 100 LTR-PLAIN | IDEA | JN 110 PD | 100 LTR | INDIA | PER PCS | 15,877.00 | 18,000.00 | WITH VAT |
| 2 | REFRIGERETOR | 170 LTR-FLOWER WINE | IDEA | JN 180 WD | 170 LTR | INDIA | PER PCS | 19,627.00 | 22,000.00 | WITH VAT |
| 3 | REFRIGERETOR | 170 LTR-FLOWER BLUE | IDEA | JN 180 BD | 170 LTR | INDIA | PER PCS | 19,627.00 | 22,000.00 | WITH VAT |
| 4 | REFRIGERETOR | 185 LTR-FLOWER WINE | IDEA | JN 190 WD | 185 LTR | INDIA | PER PCS | 20,354.00 | 22,800.00 | WITH VAT |
| 5 | REFRIGERETOR | 185 LTR-FLOWER BLUE | IDEA | JN 190 BD | 185 LTR | INDIA | PER PCS | 20,354.00 | 22,800.00 | WITH VAT |
| 6 | REFRIGERETOR | 195 LTR-FLOWER WINE | IDEA | JN 200 WD | 195 LTR | INDIA | PER PCS | 22,145.00 | 24,800.00 | WITH VAT |
| 7 | REFRIGERETOR | 195 LTR-FLOWER BLUE | IDEA | JN 200 BD | 195 LTR | INDIA | PER PCS | 22,145.00 | 24,800.00 | WITH VAT |

**डायमण्ड ईलेक्ट्रोनिक्स प्रा. लि.** **स्थायी लेखा नम्बर ६०२४८९०६५**
**टोखा नगरपालिका, धापासी २** **फोन नं. ९८५११००५८१**

Sudur Paschim Provincial Government
Ministry of Industry, Tourism, Forestry and Environment
## Provincial Tourism Development Program Implementation Unit (PDTPIU)
Dhanghadi, Kailali

### Invitation For onile Bids

**Date of first publication : 2080/12/04 (17 March 2024)**

Provincial Tourism Development Program Implementation Unit (PDTPIU). Invites online bids under e-procurnment system from eligible bidders for the procurement for following works. The bidders can PPMO website www.bolpatra.gov.np. Egp for the brief description with Public entity name: Api base camp guest house construction apihimal-01 Darchula

| S.N | Contrect ID | Name of project | Estimated amount (without vat) NRS | Bids security (NRS) | Bid doc Fee | Final bid submsion date &time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PTDPIU/ work/NCB/03-2080/081 | Api base camp guest house construction Apihimal-01 Darchula | 33,72,343.393 | 1,00,000 | 3,000.00 | 16-04-2024 before 12 pm | Bid validity period 120 days |

Ph. 9858424107.

## Jahada Rural Municipality
## Office of the Rural Municipal Executive
Morang
Koshi Province, Nepal

### Invitation For E-Bid

**Date of Publication: 4th Chaitra, 2080**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding Procedures.
2. The details of the project is as follows :

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/080/81-13 | Mohanpur Dekhi Birpur Wada No.2 Gravel Bato | Rs.21,10,892.64 | 3000.00 | 12:00 PM on 2080/01/04. | 2:00 PM on 2080/01/04. | 59,000.00 |
| JRM/WORKS/ NCB/080/81-14 | Shallow Tubewell Tatha Motor Jadan | Rs.56,11,011.26 | 3000.00 | 12:00 PM on 2080/01/04. | 2:00 PM on 2080/01/04. | 1,56,000.00 |

For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

पछिल्लो समय पर्ख र हेरको अवस्थामा रहेको निजी क्षेत्रका व्यवसायी सरकारले ल्याउने ऐन कानुनदेखि आगामी आर्थिक वर्षको बजेट कस्तो आउन सक्छ भनेर प्रतिक्षा गरिरहेका छन् । अर्थतन्त्रमा देखिएको मन्दीका कारण व्यवसायीहरु उत्साहित छैनन् । निजी क्षेत्रको मनोबल उच्च गराउने सरकारी नीति नहुँदा बाह्य अर्थतन्त्रमा सुधार देखिँदा समेत आन्तरिक अर्थतन्त्र चलायनमान हुन सकेको छैन । अर्थतन्त्रसँग सम्बन्धित यिनै समसामयिक सन्दर्भमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष **हेमराज ढकाल**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।

# ‘बजारबाट पैसा हरायो, हजार र पाँच सयको नोटबन्दी गर्नुपर्छ’



**हेमराज ढकाल**
उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

### अर्थतन्त्र चलायमान भएन भनेर निजी क्षेत्रले भन्दै आएको छ, किन यस्तो सवाल उठिरहेको छ ?

कोभिड-१९ महामारीपछि बैंकमा धेरै पैसा जम्मा भयो । त्यतिबेला बैंकले कम ब्याजदरमा विभिन्न क्षेत्रमा लगानी गरे । बैंकलाई पनि लगानी गर्नुपर्ने थियो । तर, राष्ट्र बैंकले बाह्य क्षेत्र व्यवस्थापनको लागि भन्दै पछि आयातमा बन्देजदेखि ब्याजदर बढाउने तर्फ लाग्दा अर्थतन्त्रको चेन बिग्रन शुरु गर्‍यो । राष्ट्र बैंकले आयातमा कडाई गर्ने बित्तिकै कच्चा पर्दाथको मूल्य बढ्यो । असन्तुलित व्यापार हुँदा बजारको चेन बिग्रिएर ब्रेक लाग्यो । त्यसले उपभोक्ता र उद्यमी व्यवसायलाई समेत त्रासको अवस्था सृजना हुन पुग्यो । सोही समय विश्वभरी नै मूल्यवृद्धि समेत हुन पुगेकाले मागमा समेत संकुचन सिर्जना भएपछि अर्थतन्त्र चलायमान हुन सकेन । त्यसको असर अहिलेसम्म देखिरहेको छ ।

### अर्थतन्त्र चलायमान नहुँदा के-केमा समस्या परेको छ, अब सरकारले कस्तो नीति बनाउनु पर्छ ?

नेपालको आर्थिक वृद्धिदर विगतमा ८ प्रतिशतसम्म पुगेको थियो । तर, पछिल्लो समय आन्तरिक नियामक निकायबीच नै समन्वय नहुँदा र मौद्रिक नीति र अर्थनीतिबीच समन्वयको अभावले अर्थतन्त्र बिग्रन पुगेको छ । अहिले पर्यटकको आगमन र रेमिट्यान्समा वृद्धि भएको छ । ब्याजदर घटेको छ, तरलताको समस्या समेत हराउँदै गएको अवस्था छ, तरपनि बजार चलायनमान हुन किन सकेन ? त्यसको मूल कारण नै विगतमा सरकारले लिएको नीति र गलत अभ्यास नै प्रमुख हो । जसको कारण अहिलेसम्म लगानीकर्ता, निजी क्षेत्रको मनोवल माथि उठ्न सकेको छैन । आफनो उद्योग व्यापार बन्द गरेर वैदेशिक रोजगारमा जाने मानोविज्ञान बढ्दै गएको छ । राज्य प्रतिको विश्वास छैन । निजी क्षेत्रले सहज वातावरण पाएका छैनन् । बजारमा पैसा आउन सकेको छैन । विदेशमा लगानी सिफ्ट भएको देखिन्छ । सरकार र केही मानिसहरु मिलेर नीतिगत भष्ट्राचार गर्ने, सुशासन दिन नसक्ने कारणले समस्या आएको छ । अब सरकारले हिम्मत गरेर अहिले देखिएका समस्या हल गर्नुपर्ने हुन्छ । नेपालमा राजनीतिको लागि मात्र उर्भरभूमि भयो, अब उत्पादन र अर्थतन्त्रको उर्वरभूमि बनाउनै पर्छ । राजनीतिक दलहरुले नेपालको १० वर्षमा अर्थनीति के हो ? स्पष्ट पार्नुपर्‍यो । जुन सरकार आएपनि एउटै नीतिमै हिड्न प्रतिबद्ध हुनुपर्‍यो । अब सामुहिक प्रतिवद्धता आवश्यक छ । सरकार पिच्छे, मन्त्री पिच्छे, सचिव, कर्मचारी पिच्छे निजी क्षेत्रलाई हेर्ने नीति बनाएर भएन । अहिले पनि सम्भावना भएका पर्यटन, जलस्रोत, कृषि, दैनिक उपभोग गर्ने उत्पादनका क्षेत्रलाई खपत गरेर आयातमुखी अर्थतन्त्रलाई प्रतिस्थापन गर्नैपर्छ । पछिल्लो समय सरकार राजस्वमुखी मात्र भयो, उत्पादनमा जोड दिन सकेन त्यसको असर अहिले आएर देखिएको हो ।

### निजी क्षेत्रको आत्मविश्वास किन बढ्न सकिरहेको छैन ?

सबै भन्दा ठूलो समस्या नै यही हो । आत्मविश्वास कम देखिएको र नियामक निकायले उद्योग, व्यापार, निर्माण क्षेत्रलाई हेर्ने दृष्टिकोण र यसमा भएको समस्यालाई समाधान गर्ने भिजन नै स्पष्ट गर्न सकेनन् । नेपालको अर्थतन्त्र सानो छ । तलमाथि हुँदा वित्तिकै तत्काल त्यसको असर देखिन्छ । अहिले अर्थतन्त्र घाईते अवस्थामा छ । औषधि अथवा मलमले निको हुँदैन, अप्रेसन नै गर्नु पर्ने अवस्था छ । सामान्य तरिकाबाट अर्थतन्त्र सहि स्थानमा आउन सक्दैन । उद्योग वाणिज्य महासंघ सरकारको आर्थिक सल्लाकार समेत हो । सरकारका नियामक निकायका नीतिले गर्दा निजी क्षेत्रले ठुलो क्षति व्यहोरिरहेको छ । अब सरकारले हिम्मत गरेर पाँच सय र हजार रुपैयाँका नोटलाई नोटबन्दी गर्ने तर्फ लाग्नुपर्छ । बजारमा नदेखिएको पैसा निकाल्ने नीति नै ल्याउनु पर्छ । कोभिडपछि बजारमा पैसा आउन सकेको छैन, पैसा गायब भएको अवस्था छ ।

दोस्रो, सरकारले कर प्रणालीमा सुधार गर्नैपर्छ । सरकारले सम्रग रुपमा होइन तहगत कर प्रणालीको व्यवस्था अपनाउनु पर्ने देखिन्छ । जसले करको दायरामा सबै आउन । साना मझौला, कृषि, फलफूल, तरकारी, कच्चा पदार्थ लगायतमा उत्पादनमा कर कम लगाउने तर, लक्जरी वस्तुको आयातमा धेरै कर लगाउने गरी गृहकार्य गर्नुपर्छ । आफनो उत्पादनलाई कम कर र आयात हुनेलाई बढी कर लगाउँदा राज्य र उद्योगी व्यवसायीलाई समेत फाइदा हुन्छ । करको दायर बढ्छ, धेरैले कर तिर्छन् । त्यसको असर राजस्व दोब्बर बढ्छ । पहिलो १० प्रतिशत कर थियो माओवादी द्वन्द्वको कारण सरकारले थप ३ प्रतिशत कर लगायो । अझै त्यहि नै कायम छ । कर प्रणाली वैज्ञानिक नहुँदा करछलीकै कारण राजस्व समेत उठन सकेको छैन । व्यावसायिक मनोविज्ञान व्यवसाय गर्ने भन्दा पनि बैंकमा पैसा राखेर ब्याज खाने तर्फ छ । त्यसैले सरकारले लगानीमैत्री वातावरण बनाएर सबै क्षेत्रमा सुधार भएको सन्देश दिन नसक्ने हो भने अझै अवस्था विकराल आउन सक्छ ।

तेस्रो, कानुनी समस्या छ । कति कानून खारेज गर्नुपर्ने र कति कानून बनाउनु पर्ने छ । अहिले उद्योगी व्यवसायीलाई पक्राउ गर्ने, थुन्ने जस्ता कारणले निजी क्षेत्रको मनोबल खस्किरहेको छ । दोषी नै नहुँदा समेत वर्षौं लगाएर कमाएको इज्जत एकै छिनमा जाने गरेको छ । अनि कसरी लगानी गर्ने इच्छाशक्ति हुन्छ । सरकारले सुन्ने, छानबिन गर्ने र अदालतले दोषी देखिए मात्र थुन्नु पर्‍यो नी ? यस्ता बिषयमा सरकारले ध्यान दिने हो भने अर्थतन्त्र चलायमान गराउन सहयोग पुग्छ ।

### बजेटको तयारीमा सरकार जुटेको छ । आगामी बजेट कस्तो आउनुपर्छ ?

विगतका वर्षमा आउने बजेट हेर्दा, सुन्दा राम्रो लाग्ने हुन्छ तर, कार्यान्वयन हुँदैन् । तर, अहिले बजेट बन्नु अघि प्रि-बजेट छलफल गर्ने भनिएको छ । यो सकारात्मक कुरा हो । ठूला-ठूला गफ दिने भन्दा सानो-सानो काम गरेर समाजको मनोविज्ञानलाई उठाउने बजेट बन्नुपर्छ । देशको आर्थिक उत्थान गर्ने, उत्पादन बढाउने कृषि, पर्यटन, जलस्रोत क्षेत्रको विकासमा प्रवर्द्धन गर्ने खालको बजेट चाहिन्छ । बजेट ल्याएर मात्र हुँदैन कार्यान्वयन पक्ष चुस्त हुनुपर्‍यो । प्रक्रियागत ढिला सुस्ती हुँदा पुरानो ढर्राको बजेटबाट मुक्त भएर अगाडि बढ्नुपर्छ त्यसपछि अर्थतन्त्र चलायनमानमा सहयोग पुग्छ ।

### लगानी सम्मेलनको तयारी हुँदैछ । सम्मेलन अघि स्वदेशी र विदेशी लगानीकर्तालाई के सन्देश दिनुपर्छ ?

नेपालमा लगानी सम्मेलन २ पटक भइसकेको छ । तर, कर्मकाण्डी सम्मेलन गरेर केही हुँदैन । विगतका लगानी सम्मेलनले खासै केही उपलब्धी हुन सकेन । लगानी सम्मलेन अर्थतन्त्र चलायन गर्ने अस्त्र हो तर, त्यसका लागि पूर्व तयारी धेरै हुनुपर्छ । कर प्रणाली, कानून, लगानीमैत्री वातावरण, बजार व्यवस्थापनदेखि निर्यात सहज हुनुपर्छ । त्यसपछि मात्र नयाँ लगानी आउँछ । लगानी गरेपनि तनाव भन्दा पनि फाइदा हुन्छ भन्ने ग्यारेन्टी नभएसम्म लगानी आउँदैन । नेपाल लगानीको लागि उत्तम स्थान हो भन्नका लागि अहिलेका कानूनको परिमार्जन गर्नैपर्छ । पञ्चायतकालमा बनेका कानून अहिलेसम्म छन् अनि कसरी आन्तरिक र बाह्य लगानीकर्ताले विश्वास गर्न सक्छन् ? अरु देशमा कसरी लगानीकर्ता जति सहज वातावरण बनाईएको छ नेपालले समेत त्यस्तै नीति अपनाएको सन्देश दिनुपर्छ ।

### निजी क्षेत्र नयाँ सरकारप्रति कतिको विश्वस्त छ ?

सरकार निजी क्षेत्रको अभिभावक हो । विश्वास त हामीले धेरैवटा सरकारलाई गरेकै हो । तर, अहिलेसम्म निजी क्षेत्रका समस्या प्रति चासो कम देखाउने गरेका छन् । तर, अहिले हामीले नयाँ सरकार बनेसँगै प्रधानमन्त्री, अर्थमन्त्रीसम्म पुगेर समस्या बताएका छौं । उहाँहरु अब निजी क्षेत्रलाई साथ लिएर अगाडि बढ्छौं भनेर आश्वासन दिनुभएको छ ।

अब आर्थिक मुद्दामा सरकारले काम गर्छ भन्ने अपेक्षा धेरै छ । अहिले उद्योगी व्यवसायी मानसिक रुपमा कमजोर भएका छन् । बजार व्यवस्थापनमा समेत कमजोर हुँदा व्यवसायी घुम्चिएका छन । हामीले सरकारलाई अहिले व्यवसायीलाई टिकाउने नीति ल्याउन जोड दिन भनेका छौं ।

# चैत अन्तिम साता ललितपुर इन्टरनेशनल ट्रेड एक्स्पो हुँदै

**ललितपुर/मस** - मेड इन नेपाल नारासहित आगामी चैत अन्तिम साता ललितपुर इन्टरनेशनल ट्रेड एक्स्पो २०२४ आयोजना हुने भएको छ । ललितपुरस्थित जावलाखेल फुटबल ग्राउण्डमा चैत २२ गतेदेखि २६ गतेसम्म आयोजना हुने इन्टरनेशनल ट्रेड एक्स्पोमा मेड इन नेपाल प्याभिलियनमा विशेष आकर्षण रहने आयोजक पक्षले जनाएको छ ।

ललितपुर चेम्बर अफ कमर्सको आयोजनामा सञ्चालन हुने इन्टरनेशनल ट्रेड एक्स्पोमा नेपाल, भारत, पाकिस्तान, श्रीलंका बंगलादेश, थाइल्यान्ड, टर्की, मलेसिया, चीनलगायतका देशहरुमा उत्पादित विविध वस्तु तथा सामग्री, मौलिक उत्पादन र सेवा सम्बन्धी इन्टरनेशनल ट्रेड एक्स्पोमा राखिने बताइएको छ । ललितपुर महानगरपालिका सहआयोजक, नेपाल चेम्बर अफ कमर्सको सहयोग, जावलाखेल युथ क्लबको सहयोगमा सञ्चालन हुने इन्टरनेशनल ट्रेड एक्स्पोमा फर्निचर, छालाबाट बनाइएका वस्तु, हस्तकलाका सामग्री, लत्ताकपडा, सारी, कुर्था, बेडसिट, जुत्ता-चप्पल, नक्कली गरगहना लगायतका सामग्री प्रदर्शनीमा उपलब्ध हुने आयोजक पक्षले जनाएको छ ।

पहिलो पटक ललितपुरमा आयोजना गर्न लागेको एक्स्पोमा विभिन्न राष्ट्रका प्रतिष्ठित व्यापारीहरुको सहभागीता रहने छ । मेलाको सहयोगी संस्थाका रुपमा लक्ष्मी सनराइज बैंक र नेपाल हस्तकला महासंघ रहेका छन् । एक्स्पोले आर्थिक गतिविधिलाई बढाउनुको अतिरिक्त दुबै मुलुकलाई समृद्धिको दिशामा अघि बढ्न पनि यस्ता मेलाहरु फलदायी हुने अपेक्षा रहेको ललितपुर चेम्बर अफ कमर्सका अध्यक्ष पुष्परत्न शाक्यले बताए ।

सार्क मुलुकमा निर्मित सामग्रीहरुले नेपाली बजार लिएको र नेपालका हस्तकलाका सामग्रीहरूले अन्य मुलुकमा प्रभाव जमाएको भन्दै अध्यक्ष शाक्यले मेलामार्फत् सहभागी देशहरुको उत्पादनको प्रवर्द्धनमा सघाउ पुग्ने अपेक्षा शाक्यले गरे । यस्तो मेलाले सहभागी मुलुकका व्यवसायीलाई सामिप्यमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा रहेको इन्ट्रोडक्सन ट्रेड शोका मेनेजीङ डाइरेक्टर सुमन महर्जनले बताए ।

मेलाको आकर्षणको रुपमा खानाको लागि विभिन्न देशका स्वादमा फुड स्टल, साना केटाकेटीहरुका लागि गेमिङजोन, फोटो सुट, विविध सांस्कृतिक कार्यक्रमका साथै जावलाखेल फुटबल ग्राउण्ड परिसरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने एक्स्पोका संयोजक सुनिल विष्टले जानकारी दिए । मेलामा व्यापार प्रवर्द्धनका लागि अझै पनि केही स्टल बाँकी रहेको भन्दै आयोजक पक्षले नेपाल, भारत, पाकिस्तान र बंगलादेशको कुम्भ मेलामा आफ्नो ब्राण्ड प्रवर्द्धन गर्न र व्यापार गर्न चाहने फर्म तथा कम्पनीलाई पनि आह्वान गरेको छ ।

# शिवशंकर इनभेष्टमेन्टलाई एलएस क्यापिटलले कर्पोरेट एडभाइजरी सेवा दिने

**काठमाडौं/मस** । एलएस क्यापिटल र शिवशंकर इन्भेष्टमेन्टबीच कर्पोरेट एडभाइजरी सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको छ । एलएस क्यापिटल, नयाँबानेश्वरको कर्पोरेट कार्यालयमा एक कार्यक्रमका बीच एलएस क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र शिवशंकर इन्भेष्टमेन्ट प्राइभेट लिमिटेडका अध्यक्ष खगेश्वर बोहराले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार एलएस क्यापिटलले रोड टु आईपीओ अन्तर्गतशिवशंकर इन्भेष्टमेन्ट प्राइभेट लिमिटेडको प्रारम्भिक सार्वजनिक प्रस्ताव



(आईपीओ) तर्फ लैजाने सबै सम्भावनाहरूको निरीक्षण र मूल्याङ्कन गर्नेछ। शिवशंकर इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड मुख्यतया जलविद्युत, पूर्वाधार क्षेत्र र अन्य उत्पादनशील क्षेत्रहरूम ालगानीको व्यापक स्पेक्ट्रम केन्द्रितलगानीगर्ने कम्पनी हो । हालकम्पनीले सानिगड हाइड्रो लिमिटेड, कलंगा हाइड्रो लिमिटेड र बुङ्गल हाइड्रो लिमिटेड लगायतका जलविद्युत कम्पनीहरुमा लगानी गरेको छ भने अन्य सम्भाव्यता पनि खोजिरहेको छ । साथै, शिवशंकर इन्भेष्टमेन्ट प्राइभेट लिमिटेड र जय गणेश इन्भेष्टमेन्ट मर्जरको प्रक्रियामा छन् । आईपीओपश्चात् कम्पनीले चुक्तापुँजी रु. १ अर्बमाथी पुर्‍याउने योजना राखेको छ । लक्ष्मी सनराइज बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनी एलएस क्यापिटलले मर्चेन्ट बैंकिङ क्षेत्रमा बलियो उपस्थिती देखाएको छ ।

**रौतामाई गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**भुट्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**क्याटलग बिधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८०-१२-०४ गते)**

यस कार्यालयका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क) को देहाय (८) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१)(ख) को अधिकार प्रयोग गरी उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ अनुसार देहायका मालसामान खरिद गर्नुपर्ने भएकाले त्यस्तो मालसामान उत्पादन वा बिक्री वितरण गर्ने ईच्छुक आधिकारीक फर्म वा कम्पनी वा संस्थाले आफ्नो फर्म दर्ता, एजेन्सी दर्ता, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब.२०७९/२०८० को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समाबेश गरि सोही नियमावलीको नियम ३१ (ख) को उपनियम २ वमोजिम तपशिलमा उल्लेखित सामानहरुको उत्पादनको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुविधा सहितको विवरण क्याटलक वा ब्रोसर) संलग्न गरि शिलबन्दी प्रस्ताव दर्ताको यो १० दिने सूचना प्रकाशित गरिएको छ । प्रस्ताव दर्ता गर्न चाहने उत्पादक वा अधिकृत बिक्रेताहरुले मिति २०८०-१२-१४ गते समय दिउँसो १२.०० बजेभित्र यस कार्यालयमा प्रस्ताव दर्ता गराईसक्नु पर्नेछ । नियम अनुसार पेश हुन आएका शिलबन्दी प्रस्तावहरुलाई मिति २०८०-१२-१४ गते दिउँसो २.०० बजे यस कार्यालय भवनमा खोलिनेछ । प्रस्ताब पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन तोकिएको समयभित्र पेश गर्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | विवरण | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स | १ | थान | |

**प्रमुख प्रशासकीय अधिकृत**

**गढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुनसरी, कोशी प्रदेश, नेपाल**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**